# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## औरही नगरपालिका
## महोत्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## औरही नगरपालिका
## महोत्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

औरही नगरपालिका

महोत्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौँ, नेपाल**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १५०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू,
औरही नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
औरही, महोत्तरी ।

1. **कैफियत सहितको राय** - हामीले औरही नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

2. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ५२ लाख २३ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृया प्राप्त हुन आएन । कायम बेरुजु असुल गर्नुपर्ने रू. १ करोड २६ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८६ लाख २० हजार, नियमित गर्नुपर्ने रु. २६ लाख २० हजार र पेश्की बाँकी रु. १३ लाख ३६ हजार समेत गरी यस वर्ष रु. ३ करोड ५२ लाख २३ हजार बेरुजु कायम रहेको छ । औरही नगरपालिकाको गतवर्ष सम्म रु. २४ करोड ५५ लाख ६० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २७ करोड ९२ लाख ४७ हजार रहेको छ । औरही नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने औरही नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

3. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

4. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी औरही नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

5. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्यामप्रसाद भण्डारी)**

**नायब महालेखापरीक्षक**

औरही नगरपालिका,

महोत्तरी जिल्ला,

## 1. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | १०३ | ३५२२३ | ० | ० | ० | ७४ | १०३ | ३५२२३ | १२६४७ | २६२० | १८६२० | ० | ० | २१२४० | १३३६ |

## 2. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | २४५५६० | ० | १५३५ | २४४०२५ | ० | ३५२२३ | २७९२४७ |

## 3. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम रु |
|---|---|---|---|---|
| १ | ०७९।८० | - | - | - |
| | **चालु वर्षको जम्मा** | - | - | - |
| २ | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७८।७९** | - | - | - |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | ३३ | रविन्द्र कुमार यादव ( तालिम) | २००००० |
| | **२०७६।७७** | ३३ | वडा न.८ का अध्यक्ष नवल किशोर चौधरी (राहत वितरण) | ५००००० |
| | **२०७६।७७** | ३३ | वडा न.३ का अध्यक्ष रामकेवल यादव (राहत वितरण ) | ५००००० |
| | **२०७६।७७** | ३३ | श्याम यादव (डेंगो फिलंगो रोग नियन्त्रण) | ३३५०५० |
| | **गत विगतको जम्मा** | - | - | १५३५०५० |
| | **कुल जम्मा** | - | - | १५३५०५० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय**

**क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उद्देश्य रहेको यस नगरपालिकामा ९ वटा वडा कार्यालयहरु रहेका छन भने यस नगरपालिकाको क्षेत्रफल ३५.७६ वर्ग कि. मी. र जनसङ्ख्या ३७३६१ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।२० देखि २०८०।०९।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय

सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लिखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा पारिश्रमिक कर वापतको रु. २५९७५।- तथा सुरक्षित नागरीक आवास कार्यक्रम संचालन नभएकोमा उक्त शीर्षकवाट फरक शीर्षकमा खर्च लेखेको रु.६,७७,४७९।- समेत रु.७०३४५४।- बेरुजु दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **फिर्ता गर्न बाकी अनुदान-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। यस्तै मधेश प्रदेशको आर्थिक कार्यविधि ऐन अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघ तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान रकममध्ये रु. ६७७४७९।- आर्थिक वर्ष सकिएपछी २०८०।११।०९ मा फिर्ता गरेको देखिन्छ। सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने रकम तोकीयको समयमा नै फिर्ता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

३.१ आन्तरिक नियन्त्रण प्रणाली- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्

• नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• जनप्रतिनिधिले कार्यालय सञ्चालन तथा प्रशासनिक विषयमा समेत पेश्की लिने, भुक्तानी लिई खर्च लेख्ने तथा खर्च लेखी शोधभर्ना लिने गरेको देखिन्छ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस नगरपालिकाकामा कार्यरत २७ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• करार तथा ज्यालादारीमा ठुलो सङ्ख्यामा कर्मचारी भर्ना गरेको देखिन्छ। ज्यालादारीमा रहेको कर्मचारीलाई समेत कार्यालयको महत्वपुर्ण काम तथा शाखाहरुमा जिम्मा दिएको देखिन्छ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धीको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ नगरपालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ

• नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०७९।८० को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन। साथै संघीय तथा प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रकम समेत पालिकाको आन्तरिक आम्दानीमा दाखिला गरेको देखियो

• पालिकाले सवारी साधनहरुको भाडावापत यस वर्ष रु. २६लाख ४६ हजार ८०० खर्च भएकोमा प्रतिस्पर्धामार्फत सेवा खरिद नगरी पटके रुपमा सम्झौता गरेको छ।सवारी धनीको विवरण तथा सवारी साधनको विवरणको एकीकृत अभिलेख संलग्न राखेको देखिएन।

• पालिकाले आफै गर्न सक्ने सामान्य प्रकृतिका कार्यहरु समेत गैरसरकारी संस्थामार्फत गराएको देखिन्छ।

• पालिकाले फोहोरमैला व्यवस्थापनको क्षेत्रमा धेरै लगानी गरेको भएतापनि यस सम्बन्धमा भएका उपलब्धीहरुको अभिलेख तथा प्रतिवेदन बनाएको देखिएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार बेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

कतिपय सफ्टवेयर कार्यक्रमहरु संचालन गर्दा एउटै संयोजकले एकैदिन २ ओडामा कार्यक्रम संचालन गरेको देखिन्छ ।

तसर्थ,

नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३.२ **बेरुजु लगत-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ । पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, राखेको देखिएन। साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन। बेरुजु र बेरुजु फस्यौटको लगत अध्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.३ **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आर्थिक कारोवारको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था

छ। तर नगरपालिकाले यस वर्ष आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी र सुदृढ गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय विवरण परीक्षण स्थानीय तह**

४.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.२ **वित्तीय विवरणको यथार्थता -** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवारको लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३२२६२८३२।- र एकीकृत स्वास्थ्य पुर्वाधारको रु.२६९०००००।- गरी जम्मा रु.१५९१६२८३२।- को सुत्र प्रणालीमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ नगरपालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचा अनुसार राख्नु पर्ने व्यवस्था छ । यस पालिकामा वर्षान्तमा बैंकअनुसार र श्रेस्ताअनुसार मौज्दात देहायअनुसार रहेको देखिन्छ।

| बैंकको नाम | खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग ३.१, स्थानीय तह धरौटी खाता | ८६,९८,५२४.५२ | ८६९८५२४.५२ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ७,५४,५८,४५१.८३ | ७५४५८४५१.८३ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,५८,७१६.२५ | २५८७१६ |
| जम्मा | | ८,४४,१५,६९३ | ८४४१५६९३ |

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा कार्यक्रम स्थानीय तह**

५.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान नगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रु. ५२ करोड २७ लाख ४९ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१४ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.२ **त्रैमासिक खर्च विश्लेषण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(SUTRA) प्रयोग गरी लेखा राखेकोमा त्रैमासिक खर्च विवरण तयार गरेको छैन।म्यानुयल रुपमा तयार गरिएको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

| सि.न. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | नगरपालिका पूँजीगत | १४७०३४ | ५३७ | ३३९३. | २७०७०. | ११६०३४. | ७२७४४. |
| | प्रतिशत(%) | | ० | २ | १८ | ७९ | ४९ |

- खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा खर्च भएको देखिएन भने दोस्रो त्रैमासिकमा पनि कुल पूँजीगत खर्चको २% मात्र खर्च भएको देखिन्छ।
- यस वर्ष पनि पालिकामा वर्षको अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।
- असार महिनामा मात्र कुल पूँजीगत खर्चको करिव ५०% खर्च भएको देखिन्छ।
- खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुदाँ समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुुधार गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.३ **आयोजनाको प्राथमिकीरण-**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू ( गरिबी निवारण, उत्पानदमुलक,रोजगारी,लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास)लाई गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर नगरपालिकाले आ.व. २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडागत र नगरपालिका स्तरका कुल १९७ वटा योजना निर्माण गरी निम्नानुसार बजेट विनियोजन गरेको छ।

| २० लाखभन्दा बढीका | ५-२० लाख सम्मका | ५ लाखभन्दा कम | कुल जम्मा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १२ | ७९ | १८ | ८९ |
| ३ | ३५ | ७० | १०८ |
| १५ | ९४ | ८८ | १९७ |

सैद्धान्तिक बेरुजु

५.४ **क्षेत्रगत बजेट खर्च-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक रुपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।नगरपालिकाको यस वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिती देहायबमोजिम रहेको छ।तलको विवरण अनुसार सबैभन्दा बढी खर्च भएको सामाजिक विकास क्षेत्रमा ७८% र सबैभन्दा कम खर्च भएको सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४२.३६% खर्च भएको छ। कुनै क्षेत्रमा पनि पालिकाले ९०% बजेट खर्च गर्न सकेको देखिदैन।तसर्थ पालिकाले आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा लक्ष्यअनुसार बजेट खर्च गर्ने क्षमता विकास गर्नुपर्दछ।

| औरही नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को क्षेत्रगत बजेट विनियोजन र खर्च | | | | |
|---|---|---|---|---|
| क्र. स. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | २,७६,१५,०००.०० | १,३८,६६,८९१.०० | ५०.२२ |
| २ | सामाजिक विकास | १८,९६,३३,०००.०० | १४,८४,२०,२९२.०० | ७८.२७ |
| ३ | पूर्वाधार विकास | १६,९५,१८,०००.०० | १०,४६,६२,८७८.०० | ६१.७४ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,७५,५०,०००.०० | ७४,३३,३०७.०० | ४२.३६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,७१,७५,९४४.१९ | ८,९५,६३,०७२.१२ | ७६.४३ |
| कुल जम्मा | | ५२,१४,९१,९४४.१९ | ३६,३९,४६,४४०.१२ | ६९.७८ |

सैद्धान्तिक बेरुजु

६ **न्यायिक समिति -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २१ ओटा र यो वर्ष थप भएको १३ गरी कुल विवाद दर्ता ३४ ओटा मध्ये १० वटा मात्र फर्स्यौट भई २४ ओटा बाँकी रहेको देखिन्छ । मुद्धाको प्रकृति हेर्दा पारिवारिक हिंसा,लेनदेन,साँधसीमाना

विवाद ,घरबहाल, गाली गलौच जस्ता रहेका छन् । तसर्थ न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

७ **जिन्सी व्यवस्थापन**

७.१ सरकारी कार्यालयहरुले सार्वजनिक सम्पत्तिको अभिलेख राख्नको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रणालीको प्रयोग गर्नुपर्दछ।यस पालिकामा आर्थिक वर्ष २०७९।८० मा PAMS प्रणालीबाट सिर्जित प्रतिवेदनअनुसार रु.६,५७,५४,०१०।- मुल्य बराबरको जिन्सी सामाग्री तथा जम्मा सम्पत्तिमध्ये रु.५२३२१५६६।- मुल्यको १९ किसिमका खर्च भएर नजाने सम्पत्ति रहेको देखिन्छ। जिन्सी व्यवस्थापन सम्बन्धी अन्य विषयहरु निम्नानुसार छन्।

| सैद्धान्तिक बेरुजु |
|---|

७.२ **पुराना जिन्सी सामाग्रीको अभिलेख-** सरकारी कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा नरहेको अवस्थामा खरिद भएका सामाग्रीहरुको अभिलेख PAMS मा अद्यावधिक नगरेसम्म म्यानुयल रुपमा राख्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९/८० सम्म PAMS को प्रयोग गरेको देखिएन। साथै विगतमा खरिद भएका तथा लगत सर्दै आएका सम्पत्तिहरुको व्यवस्थित अभिलेख राखेको देखिएन । जिन्सी मालसामानको व्यवस्थित अभिलेख, दाखिला प्रतिवेदन, खर्च भएर जाने सम्पत्तिको अभिलेख, खर्च भएर नजाने सम्पत्तिको अभिलेख, सहायक जिन्सी खाता लगायत पालिकाले सुरक्षित रुपमा राखेको देखिएन। सम्पत्तिको रेकर्ड नराखेको कारण सार्वजनिक सम्पत्ति दुरुपयोग भए/नभएको सम्बन्धमा यकिन गर्न सकीएन । पालिकाले जिन्सी व्यवस्थापन सम्बन्धमा यकिन गरी जिन्सी सम्पत्तिको अद्यावधिक अभिलेख PAMS प्रणालीमा राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.३ **जिन्सी दाखिला तथा संरक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिन्सी मालसमान कार्यालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सातदिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु गरेको छ । पालिकाले आफ्नो जिम्मामा रहेका सम्पुर्ण सामाग्रीहरुको PAMS प्रणालीमा दाखिला गरेको छैन। पालिकाले एम्बुलेन्सको लागि मर्मत तथा इन्धन लगायतका विभिन्न

खर्चहरु लेखेको भएतापनि PAMS प्रणालीमा एम्बुलेन्स दाखिला भएको देखिएन। पालिकाले अन्य सम्पत्तिहरु समेत एकीन गरी PAMS प्रणालीमा दाखिला गरी सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.४ **जिन्सी निरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरेको देखिएन।जिन्सी निरीक्षण नभएका कारण जिन्सी मालसामानको सदुपयोगको अवस्था एकीन गर्न सकीएन।तोकीएअनुसार जिन्सी निरीक्षण गरी पुराना सामानहरुको मर्मत वा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.५ **सम्पत्ति उपयोगबाट प्राप्त आम्दानी-** पालिकासँग जे. सि. वि., ट्याक्टर र एम्वुलेन्स चालु हालतमा छन्। चालु हालतमा रहेका एम्बुलेन्स, जे सि वि तथा ट्याक्टरको प्रयोगको बारेमा कार्यालयले कुनै अभिलेख राखेको देखिएन। कार्यालयले यस्ता सम्पत्तिको प्रयोगबाट भएको आम्दानीको अभिलेख समेत राखेको तथा राजस्व दाखिला गरेको छैन। पालिकामा एम्बुलेन्स दाखिला भएको विवरण समेत देखिएन। पालिकाले चालकको पारिश्रमिक, ईन्धन तथा मर्मत खर्च लेख्ने तर प्रयोग तथा आम्दानीको अभिलेख नराख्ने देखिएको हुँदा सार्वजनिक सम्पत्ति दुरुपयोग भएको हुनसक्ने देखिन्छ। एम्बुलेन्स दाखिला गर्नुपर्ने तथा सबै सम्पत्तिको सदुपयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **धरौटी फिर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा रिटेन्सन मनी बापत राखेको धरौटी फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण (मुल्य अभिवृद्धि कर समायोजन) पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका निर्माण व्यवसायीलाई मुल्य अभिवृद्धि कर समायोजन पत्र बेगर रु.१०००००।- धरौटी रकम फिर्ता गरेको देखियो । पालिकाले धरौटी फिर्ता गर्दा कर समायोजन प्रमाण-पत्र पेश गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९ **पेश्की व्यवस्थापन**

९.१ पेश्की बाँकी:आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की लिएको रकम तोकीएको समयभित्र फस्यौट गर्नु गराउनु पेश्की लिने तथा दिने दुबै थरीको कर्तव्य हुने उल्लेख छ।नगरपालिकाले निम्न कर्मचारी तथा सस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु. ४०५०००।- बाँकी रहेको देखिन्छ। पेश्की फस्यौट गर्नुपर्ने म्याद समाप्त भएपछी पनि फस्यौट नभएको नियमानुसार फस्यौट हुनुपर्ने पेश्की रु..

| | |
|---|---|
| पेश्की | ४,०५,००० |

**(विस्तृत विवरण बेरूजु दफा ९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९.२ **वर्षान्तको पेश्की:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ। पालिकाले पालिका चालु तथा संघीय हस्तान्तरित बजेटबाट समेत वर्षान्तमा कर्मचारी तथा संस्थाहरुलाई पेश्की दिएको देखियो। उप्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन। तसर्थ वर्षान्तमा फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरी पेश्की दिएको रकम ब्याजसमेत असुल गरी पेश्की फस्यौट गर्नुपर्ने रु.

| वर्षान्तको पेश्की | | | | | |
|---|---|---|---|---|---|
| पेश्की लिएको मिति | गो.भौ.न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/समिति/फर्मको नाम | पेश्की लिनेको विवरण | रकम |
| २०८०/०३/१० | ५६५ | अखारी पुजा | सलिन्द्र राउत | | १०००००. |
| २०८०/०३/१० | ५६५ | अखारी पुजा खर्च | सलिन्द्र राउत | | १०००००. |
| २०८०/०३/१८ | १५२ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चालन) | प्रभात प्रभाकर | सहायक चौथौ | ६९७७५ |
| २०८०/०३/१८ | १५२ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चालन) | प्रभात प्रभाकर | सहायक चौथौ | २६१००० |
| जम्मा | | | | | ५३०७७५. |

| | |
|---|---|
| पेश्की | ५,३०,७७५ |

९.३ **जनप्रतिनिधिलाई पेश्की-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४(ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार वडाध्यक्षले

वडा समितिको अध्यक्ष भई काम गर्ने तथा पालिकाको नीति तर्जुमा, कार्यन्वयन र अनुगमन गर्ने लगायतका काम छन्। यस आर्थिक वर्षमा जनप्रतिनिधिहरुले कानुन विपरीत पेश्की लिई विभिन्न प्रशासनिक तथा कार्यालय सञ्चालन लगायतका काममा रकम खर्च गरी पेश्की फस्यौट गरेको देखिन्छ।देहायका जनप्रतिनिधिहरुले लिएको रकम पेश्की फस्यौट नगरी बाँकी रहेको देखिन्छ। जनप्रतिनिधीले आर्थिक कारोबारमा समेत समावेश हुँदा सार्वजनिक स्रोतसाधनको अनुगमन नहुन सक्ने, कानुनवमोजिमको कार्यविवरण पालना नहुन सक्ने तथा आर्थिक अनुशासन पालना नहुन सक्ने देखिन्छ। कानुनको परिपालना गरी कानुन बमोजिमको कार्यविवरणको परिपालनामा ध्यान दिनुपर्ने देखिएकोमा कानुनी व्यवस्था विपरित आर्थिक कारोबारमा समेत समावेश भई पेश्की लिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| पेश्की बाँकी | | | | | |
|---|---|---|---|---|---|
| पेश्की लिएको मिति | गो.भौ.न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/समिति/फर्मको नाम | पेश्की लिनेको विवरण | रकम |
| २०८०/०२/०१ | ४८४ | जेष्ठ नागरिकको लागि पौष्टिक आहार वितरण कार्यक्रम | राम अश्रय यादव | वडाध्यक्ष | ८००००. |
| २०८०/०२/१४ | ५०५ | सेवा र परामर्श खर्च | जितेन्द्र यादव | वडाध्यक्ष | ७५०००. |

सैद्धान्तिक बेरुजु

१० **राजस्व बाँडफाँडबाट शिक्षकलाई तलब-** अन्तरसकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघीय तथा प्रदेश सरकारहरुले स्थानीय तहहरुलाई हस्तान्तरण गर्ने अनुदानको बारेमा व्यवस्था छ। सामुदायिक शिक्षकहरुलाई भुक्तानी गर्ने तलव वापतको रकम संघीय सशर्त चालु बजेट उपशीर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले औरही नगरपालिकाको शिक्षण सहयोग कार्यविधि,२०७९ बमोजिम विभिन्न विद्यालयहरुमा शिक्षक नियुक्ती गरी राजस्व बाडफाँडबाट रु.२५८६६६५।- खर्च लेखेको छ। एउटा कामको लागि विनियोजित बजेटबाट अर्को प्रयोजनमा बजेट खर्च लेख्दा आर्थिक अनुशासन कमजोर हुने देखिन्छ।पालिकाले आन्तरिक आम्दानी समेतलाई विष्लेषण गरी कर्मचारी नियुक्त गर्ने तोकीएको बजेटबाट मात्र खर्च लेख्नेगर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ११ नगरपालिका चालुतर्फ

११.१ **अमानतबाट भएको काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक खरिद गर्नुपुर्व लागत अनुमान तयार गर्नुपर्ने तथा दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने तथा दफा ४५ मा अमानतबाट सानातिना मर्मत कार्य, सरसफाई सम्बन्धी काम गराउन सकिने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म

सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सडक बत्ति जडान तथा मर्मत कार्य गर्नको लागि रु. ४४,४२,७३१।- खर्च गरेकोमा वडा सचिवलाई भुक्तानी तथा सोधभर्ना दिई अमानतबाट काम गराएको, आपुर्तिकर्तालाई सामान उपलब्ध गराई दिएवापत टुक्रा खरिद गरी भुक्तानी दिएको देखिन्छ। टुक्रा पारी खरिद गर्ने तथा अमानतबाट पटक पटक काम गराई नियमावलीले तोकेको भन्दा बढी रकम खर्च लेखेको देखिन्छ।कतिपय कार्यहरुमा कार्यसम्पन्न विवरण समेत पेश भएको छैन। नियमावलीले तोकेभन्दा बढी रकमको अमानत तथा सोझै खरिदबाट खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| अमानतबाट भएको काम | | | |
|---|---|---|---|
| भौ न | विवरण | काम गराउने व्यक्ति | खर्च भएको रकम |
| २०३/२०७९।०९।०३ | बाबाकुटी पोखरी सरसफाई कार्य | वडा नं ७ का कार्यालय सहयोगी श्री गजेन्द्र यादव | ९८६७० |
| २३२/२०७९।१०।१९ | भुइयास्थान पोखरी सरसफाई कार्य | वडा न ८ का वडा सचिव श्री नवल किशोर ठाकुर | ६०००० |
| ३१०/२०७९।११।१२ | वडा न ९ का ३ ओटा पोखरी सरसफाई | वडा नं ९ का कार्यालय सहयोगी श्री मिश्रीलाल मण्डल | १६५००० |
| ५७२/२०८०।०३।१० | वडा न ९ मा सरसफाई कार्य | वडा नं ९ का वडा सचिव मुकेश कुमार सिँह | ८९८९७ |
| जम्मा | | | ४१३५६७ |

सैद्धान्तिक बेरुजु

११.२ **आर्थिक सहायता-** पालिकाले नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा कुनै मापदण्ड तयार गरेको छैन। नगरपालिकाले यस वर्ष विपन्न नागरिकहरुलाई आर्थिक सहयोग शीर्षकबाट रु.११७४२९०।- खर्च लेखेको छ। यसरी खर्च लेखेकोमा कुनै व्यक्ति व्यक्तिलाई फरक फरक रकम उपलब्ध गराएको देखिन्छ।विना कुनै मापदण्ड आर्थिक सहायता उपलब्ध गराउदा आर्थिक अनुशासन पालना नहुन सक्ने तथा वास्तविक रुपमा लाभ पाउनुपर्ने भन्दा फरक व्यक्तिले समेत लाभ पाउने सम्भावना हुन्छ। पालिकाले आर्थिक सहायता उपलब्ध गराउदा मापदण्ड निर्धारण गरी सोही अनुसार उपलब्ध गराउनुपर्दछ। साथै आर्थिक सहायता उपलब्ध गराउदा आन्तरिक आम्दानी समेतलाई विश्लेषण गरी सो को आधारमा वितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ११.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११.३ **वितरण भरपाई पेश गर्नुपर्ने-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका सामाग्रीहरु वितरणका लागि खरिद गरेकोमा वितरण भएको भरपाई पेश भएन लाभग्राहीको पहिचान खुल्ने वितरण भरपाई पेश गर्नुपर्ने देखिएको रु......

| वितरण भरपाई पेश गर्नुपर्ने | | | |
|---|---|---|---|
| भौ न | विवरण | रकम | आपुर्तिकर्ता |
| १६९/२०७९।०८।२० | खेलकुद सामाग्री | ५००७५९ | एम एस ट्रेडर्स |
| २६१/२०७९।११।२९ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम वडा न ६ | ९९९३७ | आर के ट्रेडिङ्ग एण्ड सप्लायर्स |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,६९६ |

१२ **धर्म संस्कृतीसँग सम्बन्धित कार्यहरु**

१२.१ **धर्म संस्कृति प्रवर्द्धन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ पालिकाले आषाढी पुजामा भएको खर्चको बीलबमोजिम भुक्तानी दिएको विवरण संलग्न राखेको यस कामको लागि रु. २३९५००।- खर्च भएको देखिन्छ। दिपेन्द्र कुमार यादव नामक व्यक्तिलाई भुक्तानी दिएकोमा निजले पेश गरेको विलभरपाईमा विभिन्न व्यक्ति तथा संस्थालाई खाना खाजा, कपडा लगायत खरिद गरेको टुक्रे विल पेश भएको देखिन्छ।प्रमाणको रुपमा पेश भएको फोटोहरुमा कुनैमा पुजास्थल मात्र तथा कुनैमा पुजास्थल नदेखिने गरी केही मान्छेहरुको मात्र फोटो संलग्न गरेको देखिन्छ।पुजामा सहभागी भएका व्यक्तिहरुको पहिचान खुल्ने विवरण भएको र पुजा भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३९,९५० |

१२.२ **धर्म संस्कृती सम्बन्धी खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोनामाई मेला व्यवस्थापनका

लागि दिनेश पंडित नामक व्यक्तिलाई रु. २५२०००।- भुक्तानी दिएको छ।भुक्तानी दिएको रकमबाट जे सि वि भाडामा लिएको, मोटर खरिद गरेको जस्ता टुक्रे बिल पेश भएका छन् उक्त रकमबाट भएको कामको विस्तृत विवरण र सो काम भएको सम्बन्धमा सम्बन्धित कर्मचारीबाट प्रमाणित भएको विवरण पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५२,००० |

१२.३ **धार्मिक सांस्कृतिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमका लागि आर्थिक सहायता उपलब्ध गराउदा विभिन्न व्यक्तिहरुलाई उपलब्ध गराएको देखिन्छ। साथै उक्त अनुदानको रकम खर्च भएको विवरणमा खाना खाजा तथा अन्य सामान खरिद गरेका स साना रकमका बिलहरु पेश भएको देखिन्छ। कुनै धार्मिक सांस्कृतिक पर्वको लागि रकम निकाशा दिदा संस्था वा समुहलाई नदिई व्यक्तिलाई दिएको हुदा उक्त रकम सदुपयोग भएको भनि विस्वस्त हुने आधार देखिदैन। पालिकाले धार्मिक सांस्कृति अनुदान उपलब्ध गराउदा पालिकाको आन्तरिक आम्दानीलाई विष्लेषण गरी संस्था वा समुह मार्फत अनुदान उपलब्ध गराउने तथा सो रकम सदुपयोग भएको सम्बन्धमा लेखापरीक्षण, सार्वजनिक परीक्षण वा अन्य खर्च पुष्टी हुने कागजात माग्नुपर्दछ। यस किसिमको सहायताका केही उदाहरणहरु निम्न छन्।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा १२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१३ **नगर प्रोफाईल तयार गर्ने कार्य**

**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले नगर प्रोफाईल तयार गर्नको लागि थ्रि डि इन्जिनियरिङ्ग कन्सल्टेन्सी(६०६९०५८१५) लाई कार्यदेश दिएको छ । यस कामको लागि लागत अनुमान तयार गर्दा कुनै आधार लिएको देखिएन। कार्यक्षेत्रगत शर्त(TOR) वनाएको नदेखिएको तथा कन्सल्टेन्सीले पेश गरेको प्रतिवेदन tor अनुसार भए नभएको प्राविधिक शाखाबाट चेकजाँच गरेको देखिएन । प्रतिवेदनको दर विश्लेषणमा महोत्तरी जिल्लाको आर्थिक वर्ष २०७९। ८० को जिल्ला दर भन्दा फरक दरको उल्लेख गरी दर विश्लेषण गरेको देखियो । जसको कारणले योजनाको लागत वृद्धि हुने देखिन्छ । कन्सल्टेन्सीले २०७९।११।२१ मा काम सुरु गरेको र २०७९।१२।०७ मा काम सम्मन्न गरेको देखिन्छ।यस हिसावले १७ दिन मात्र काम गरेको

देखिन्छ तर दिनको हिसावले लागत अनुमान तयार गरेको र १७ दिनभन्दा बढी दिनको भुक्तानी दिएको हुनाले बढी दिनको भुक्तानी भएको रकम रु. १३६७६०१।- असुल गर्नुपर्ने देखिएको रु........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६७,६०१ |

**(विस्तृत विवरण बेरूजु दफा १३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४ **सार्वजनिक जग्गा छुट्याउने कार्य -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले करार सेवामा नियुक्ति गर्न सकिने पदहरुको व्यवस्था गरेको छ। पालिकाले ऐनमा उल्लिखित भन्दा बाहेकका पदहरुमा करार सेवामा नियुक्ति गरी पालिका भित्रको सार्वजनिक जग्गा छुट्याउनको लागि २०८०।०२।२२ देखि २०८०।०३।२२ सम्म काम गर्ने गरी १२ जना जन्जिरदार र ५ जना अमिन नियुक्ति गरी १ महिना काम लगाएको छ।यस कामको लागि पारिश्रमिक रु. ४५६४२४।- फिल्ड भत्तावापत रु. २७८४००।- खाजावापत रु. ३५५७५०।- अन्य सामाग्री खरिद रु.८४१५०।- गरी जम्मा रु. ११७४७२४।- खर्च भएको देखिन्छ। यसरी भएको कतिपय रकम पालिकाका कर्मचारी राजा नन्द यादवले पेश्की लिई खर्च लेखेको देखिन्छ।पालिकाले यस अवधिमा १७ जना जनशक्तिबाट के के काम गरेको हो सो विवरण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७४,२७४ |

## १५ ईन्धन तथा पूँजिगत सम्पतिको संचालन

१५.१ **एम्बुलेन्स तथा जे सि बी को खर्च -** पालिकाले आफ्नो आन्तरिक आम्दानी बढाउँनको लागि एम्वुलेन्स, जे सि वि तथा अन्य पूँजीगत सम्पत्तिलाई भाडामा लगाएवापत प्राप्त हुने आम्दानीलाई व्यवस्थित गर्न सक्ने व्यवस्था छ। यस वर्ष चालकको तलवबाहेक पालिकाले जे सि वि र एम्वुलेन्सको ईन्धनवापत रु. ७९७०००।- तथा जे सि वि ट्याक्टर र एम्बुलेन्सको मर्मतवापत रु. ८५५९१९।- गरी जम्मा रु. १६४६९१९।- खर्च लेखेको छ। पालिकाले मर्मत सम्भार तथा ईन्धनमा खर्च लेखेतापनि यस्ता पूँजीगत सम्पत्तिको प्रयोगबाट सिर्जना हुने आम्दानीको रेकर्ड राखेको देखिएन। पालिकाले आम्दानी सिर्जना गर्न सक्ने सम्पत्तिको प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तथा भएको आम्दानीको व्यवस्थित अभिलेख राख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५.२ **ईन्धन खर्च** : प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगबुक राख्ने व्यवस्था छ। नगरपालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन । नगरपालिकासँग देहायको बमोजिम चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा

उल्लिखित सुविधा तथा नर्म्स अनुसार रु.२१,६९,०००।- खर्च हुनुपर्ने देखिन्छ। नगरपालिकाले ईन्धन खर्चमा यस वर्ष रु.३५,९४,०००।- खर्च लेखेको छ। नर्म्स अनुसार ईन्धनमा निम्नानुसार खर्च हुनुपर्ने देखिन्छ।

| विवरण | मापदण्ड अनुसार | वार्षिक खपत | प्रति लिटर मूल्य रु | मूल्य रु मा |
|---|---|---|---|---|
| कार्यालय प्रयोजन | डिजेल २०० लि | ४२०० | १८५ | ७७७००० |
| | पेट्रोल १५० लि | | | |
| नगर प्रमुखले पाउने सुविधा | १२५ | १५०० | | २७७५०० |
| नगर उपप्रमुखले पाउने सुविधा | १२५ | १५०० | | २७७५०० |
| मोविल तथा अन्य | प्रति ३ महिना १० लि | ४० | १००० | ४०००० |
| एम्बुलेन्स तथा जे सि वि मा प्रयोग भएको | | | | ७९७००० |
| जम्मा हुनुपर्ने रकम | | | | २१६९००० |
| सुत्रअनुसार खर्च | | | | ३५९४००० |
| मापदण्डभन्दा बढी खर्च | | | | १४२५००० |

पालिकाले मापदण्डले तोकेअनुसारमात्र ईन्धन खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **विवरण पेश गर्नुपर्ने-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा आवश्यक विवरण पेश गरेको नदेखिएको हुदा विवरण पेश गर्नुपर्ने देखिएको रु...........

| भौ न | विवरण | रकम | भुक्तानी पाउने विषय | पेश गर्नुपर्ने विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ३८/ २०७९।०६।०४ | सवारी साधन भाडा | २२६००० | दिपिका कन्स्ट्रक्सन | बिल | |
| ५९९/ २०८०।०३।१७ | फर्निचर खरिद | ९९२३० | शाह मोटर्स | बिल | |
| ६०८/ २०८०।०३।२० | डकुमेन्ट्री निर्माण | १९८८८० | समृद्धि कन्सल्टेन्सी ट्रेनिङ्ग एण्ड मिडिया सेन्टर प्रा लि | डकुमेन्ट्री निर्माण र प्रशारण भएको विवरण | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०२/ २०७९।१०।२५ | ब्लाङ्केट वितरण-११०४ | ९९९१३८ | श्रृजना ट्रेडर्स | लाभग्राहीको परिचय खुल्ने वितरण भरपाई | प्रकोप व्यवस्थापन कोष |
| जम्मा | | १५२३२४८ | | | |
| | | | | प्रमाण पेश नगरेको | १५,२३,२४८ |

१७ **सभा संचालन खर्च** -सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ (१) मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएको फर्म वा कम्पनीसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले सभा सञ्चालन २०७९।०३।१० देखि २०७९।०३।१४ सम्म भएकोमा सो कार्यक्रममा टेन्ट, कुर्सी र साउन्ड सिस्टम भाडामा लिदा फर्म वा कम्पनीसँग सेवा खरिद नगरी व्यक्तीसँग सम्झौता गरी खरिद गरेको हुदा बिल पेश भएन।यस भौचरबाट रु. २८२५००।- खर्च भएको देखिन्छ। विभिन्न व्यक्तिहरुलाई भुक्तानी गरिएको विवरण पेश भएको देखिन्छ। पार्टि प्यालेसमा भएको कार्यक्रमको टुक्रे विल भरपाई मात्र पेश भएको देखिन्छ। यसरी मुल्य अभिवृद्धि करमा दर्ता नभएको फर्म वा कम्पनीसँग खरिद कार्य गर्दा राज्यलाई दाखिला गर्नुपर्ने कर दाखिला नहुने सम्भावना रहन्छ। तसर्थ मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा कम्पनीहरुसँग मात्र खरिद कार्य गर्नुपर्ने देखिन्छ। यस काममा पेश भएको खर्चको विवरण यस प्रकार छ।

| विवरण | रकम कर बाहेक | भुक्तानीपाउने | कैफियत |
|---|---|---|---|
| टेन्टकुर्सी | ८१००० | नागेन्द्रराय यादव | पार्टी प्यालेसमा गरेको कार्यक्रममा कुर्सी भाडामा लिएको देखिन्छ |
| साउन्डसिस्टम | ८५५०० | राकेशकुमार चौधरी | पार्टी प्यालेसमा गरेको कार्यक्रममा साउन्ड सिस्टम भाडामा लिएको देखिन्न |
| पार्टीप्यालेस भाडा | ८७७५० | सुदिपकुमार यादव | बिल राख्नुपर्ने भरपाई पेश भएको छ। |
| जम्मा | २५४२५० | | |
| | | | सैद्धान्तिक बेरुजु |

१८ **विविध कार्यक्रम खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।वडा न ७ को सडक तथा नाला सरसफाई गर्ने कार्य- वडा न. ७ का कार्यालय सहयोगी गजेन्द्र यादवले अमानतबाट काम गराउदा ९६०००।- भुक्तानी लिएकोमा कार्यसम्पन्न प्रतिवेदनमा रु.८५०६५.८६ मात्र उल्लेख भएको हुदाँ बढी भएको रकम रु. १०९३४।- असुल गर्नुपर्ने रु.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९३४ |

१९ **बहस पैरवी शुल्क-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न समयमा पालिका विरुद्ध परेको मुद्धामा पालिकाको तर्फबाट वहस पैरवी गरेको भनि देहायका व्यक्तिहरुलाई देहायअनुसारको रु.१५१०००।- रकम प्रदान गरेको देखिएकोमा सो को बिल संलग्न भएको देखिएन। सो रकम वापतको बिल पेश गर्नुपर्ने देखिएको रु...

| भौ न | रकम | भुक्तानी पाउने | स्था ले न | कैफियत |
|---|---|---|---|---|
| २४३/ २०७९।१०।१९ | ३५००० | विनोद कुमार शर्मा | १०४००५५३४ | |
| ३७४/ २०७९।१२।०७ | ३५००० | विनोद कुमार शर्मा | १०४००५५३५ | |
| ५३४/ २०८०।०२।२६ | ३५००० | विनोद कुमार शर्मा | १०४००५५३६ | |
| ५२१/ २०८०।०२।१९ | ६००० | प्रमोद कुमार कर्ण | ११७९५४४८७ | वडा न ३ का वडाध्यक्ष रामकेवल यादवले भुक्तानी लिई भरपाई गराएको |
| ५२१/ २०८०।०२।१९ | ४०००० | दीपेन्द्र कुमार साह | ६०३३५३९३६ | वडा न ३ का वडाध्यक्ष रामकेवल यादवले भुक्तानी लिई भरपाई गराएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५१,००० |

## २० **कर्मचारी व्यवस्थापन**

२०.१ **कर्मचारी पदपुर्ती-** नगरपालिका तथा वडातर्फ जम्मा ५९ जना कर्मचारीको दरवन्दी रहेकोमा स्थायी २७ जना कर्मचारी मात्र रहेको देखिन्छ। कर्मचारी कम रहेको कारण सेवा प्रवाहमा असर पर्ने तथा कामको गुणस्तरमा समेत कमजोरी हुन सक्ने हुनाले समयमा नै प्रदेश लोकसेवा मार्फत पदपुर्ती गरी प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२०.२ **करार कर्मचारी**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन ।नगरपालिकामा नगरपालिका चालु बजेट उपशीर्षकबाट वर्षभरी नै तलव पाउने करार सेवामा कार्यरत कर्मचारी २९ जना रहेको।यसका अलवा पटके रुपमा समेत करार सेवामा कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको देखिन्छ।उल्लिखित पदहरुमा बाहेक सहायक कम्प्युटर अपरेटर लगायतका पदहरुमा पनि करारमा नियुक्त गरी रु. १ करोड ७ लाख ५३ हजार तलव भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिदैन। लोक सेवा आयोग मार्फत आवश्यक कर्मचारी भर्ना गरी कर्मचारी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **नगरपालिका संघीय सशर्त पुँजीगत-** नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत मा. वि. वैरियामा विद्यालय कक्षाकोठमा निर्माण अनुदान अन्तर्गत विनियोजित बजेटबाट मुल्य अभिवृद्धि कर तथा प्रोभिजन सम वाहेक रु१ करोड ९ लाख ४८ हजारको लागत अनुमान तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट रु६८ लाख ४५ हजारमा महोत्तरी निर्माण सेवा मिति २०७९।११।२ मा २०८०।३।१० सम्म कार्य सम्पन्न हुने गरी खरिद सम्झौता गरेको छ । यस अन्तर्गत देखिएका व्यहोराहरुदेहाय अनुसार रहेका छन्:-

**क.**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु१० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीलसँग भएको खरिद सम्झौताको bill of quantity को general works item no 2 मा बिमावापत प्रोभिजनल सम अन्तर्गत रु.१७,०००।- दर उल्लेख भएकोमा सो अनुरुप बिमा गरेको देखिएन । तसर्थ त्रुटी सच्याउने अवधि सम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध तोकिएको अवधिभरको रकम समेटीने गरी बिमाको प्रमाणकागजात पेश गरेपश्चात मात्र खरिद सम्झौता गर्नुपर्नेमा बिमा नगराई सम्झौता गरेको नियमसम्मत देखिएन। नियमावलीमा व्यवस्था भएअनुरुप कार्य हुनुपर्दछ ।

**ख.निर्माण कार्यको गुणस्तरः** निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको प्रावधान तथा पद्दती उल्लेख भएको देखिएन। गुणस्तर आश्वस्तता समेतको व्यवस्था गरी खरिद व्यवस्थापन हुनुपर्दछ ।

**ग.निर्माण कार्यको म्याद तथा न्युन प्रगति -** सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागि गरेको खरिद सम्झौतामा मिति २०८०|३|१० सम्म म्याद भएकोमा लेखापरीक्षण अवधिसम्म कुल सम्झौता रकममध्ये रु.३६८३१०३|- अर्थात ४७.६१ प्रतिशत ( मुल्य अभिवृद्धि कर समेत रु.७७३४४७२|- सम्झौता रकमको तुलनामा वित्तीय प्रगति) मात्र प्रगति भएको कानुन अनुसार औचित्यता हेरी म्याद थप गरी कार्य सम्पन्न गराउने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२२ **अभिमुखीकरण कार्यक्रम संचालनको पर्याप्त प्रमाण नभएको**: लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित अभिमुखीकरण कार्यक्रम मिति २०८०|१|१६ देखी १|२२ सम्म २, ४ र ८ मा सञ्चालन भएकोमा एकै समयमा ३ ठाउँमा तालिम सञ्चालन गरिएको, सम्बन्धित वडा तथा पालिका स्तरबाट अनुगमन प्रतिबेदन विवरण संलग्न नगरी केवल खर्चको बिलभरपाई संलग्न गरी रु १८८९९० लघू उद्यम शाखाका कर्मचारीलाइ भुक्तानी गरिएकोमा खर्च पुष्ट्याई गर्ने पर्याप्त प्रमाणकागजात राखेको देखिँदैन । यस्तो प्रकारको कार्यक्रम संचालन गर्दा तालिम संचालनको अबधी, सेडुल, तस्वीर तथा पुष्ट्याईहरु संलग्न गरी पालिका स्तरबाट आन्तरिक नियन्त्रण प्रभावकारी बनाई मात्र खर्च भुक्तानी हुनुपर्ने देखिन्छ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२३ **घटना दर्ता अभियान कार्यक्रम संचालन** -यस कार्यक्रमको लागि पञ्जीकरण शाखाका कर्मचारी मुकेश महतोले बिलभरपाई संलग्न गरी रु १५०१०० भुक्तानी लिएकोमा कार्यक्रमको सूचना प्रकाशन कार्यादेश लगायतको विवरणहरू संलग्न भएको देखिँदैन। कार्यक्रममा उपस्थित व्यक्तिहरूको विवरण तथा हाजिरी संलग्न नगरिएको, खरिद गरिएको पर्चा पम्प्लेट लगायतको स्टोर दाखिला नगरी केवल भुक्तानी मात्र गरिएको देखिन्छ । यस्तो प्रकारको क्रियाकलाप सञ्चालन गर्दा नगरपालिका स्तरबाट अनुगमन गरी कार्यक्रममा सहभागीहरूको अनिवार्य उपस्थिति को प्रमाण संलग्न गरि आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी पार्नुपर्ने देखिन्छ । अनुगमन प्रतिवेदन, उपस्थिति लगायतका विवरणहरू संलग्न नगरी कार्यक्रम सञ्चालन गरिएकोले कार्यक्रम उद्देश्य अनुरूप सञ्चालन भएको यकिन गर्ने आधार देखिँदैन। यस्तो प्रकारको भुक्तानी गर्दा पालिका स्तरबाट यकिन गराई मात्रै गर्नुपर्ने देखिएको अनियमित रु

| | | |
|---|---|---|
| | अनियमित भएको | १,५०,१०० |

२४ **नगरभित्र खानेपानी जडान कार्य**

२४.१ यस योजनाको लागि पालिकाले विभिन्न खरिद सम्झौता गरी पटकपटक सामाग्री खरिद गरी वितरणमुखी कार्य गरेको छ। विभिन्न सामाग्री खरिद गरी वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:-

• **लागत अनुमान:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै सार्वजनिक निकाय अथवा उक्त निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ,उधोग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पटक नगरभित्र खानेपानी सामाग्री वितरण कार्यको लागि ह्याण्डपम्प लगायतको सेटहरुको जिल्ला दररेटमात्र समावेश गरी लागत अनुमान तयार गरेको देखियो । यसरी लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए अनुसारको आधार नलिई केवल जिल्ला दररेटलाई मात्र लिएको तथा स्पेसिफिकेश समेत तयार नगरेको देखियो । यसरी स्पेशीफिकेशन तथा लागत अनुमानको आधार तय नगरी गरेको खरिद कार्य मितव्ययी तथा प्रतिस्पर्धी छ भनि यकिन गर्ने आधार देखिंदैन। यसरी आधारवेगर लागत अनुमान संलग्न गरी गरेको खरिद कार्य नियमसम्मत देखिंदैन। सार्वजनिक खरिद कानुनको परिपालना गरी स्पष्ट आधार प्रमाण संलग्न गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

• नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३।११।१ मा स्वीकृत स्यालो ट्युवेल सिचाइ योजना कार्यान्वयन निर्देशिका तेश्रो संसोधनको भाग ३ वुँदा ९ मा प्रत्येक ट्युवेल योजनाभित्रका पुराना तथा नयाँ डिप ट्युवेल सम्बन्धी डाटा (स्वामित्व, निर्माण मिति,लगानी गर्ने वित्तीय संस्था,संचित क्षेत्र , स्थान समेत खुलाउने जि.पि. एस तथा हाइड्रोलोजिकल डाटा संकलन गरी कार्यालयले अध्यावधिक गर्ने व्यवस्था छ । कार्यालयले भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कुनै कार्यविधि तयार गरेको देखिएन । लाभग्राही छनौट गरी कार्य गर्दा व्यवस्थित, न्यायोचित तथा अन्तरतह कार्यान्वयनमा दोहोरो नपर्ने गरी, भूमिगत जलश्रोत सम्बन्धी कार्यविधिको तयारी तथा जि.पि.एस सहितको अभिलेखाँकन समेत गरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• **Post Delivery Inspection Report:-** कार्यालयले खरिद सम्झौता पश्चात आपुर्ति भएका सामाग्रीहरुको स्पेसिफिकेशन अनुसार Post Delivery Inspection तयार गरेको देखिएन । लागत अनुमान तयारीका बखत स्पेसिफिकेशन प्रतिवेदन राखिएता पनि सामाग्री आपुर्ति पश्चात चेकजाँच तथा गुणस्तर परीक्षण गरेको देखिएन । निर्धारित सामाग्रीहरु तोकिए वमोजिम आपुर्ति भए नभएको सम्बन्धमा यकिन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४.२ निम्नानुसारको भौचरबाट सामाग्री खरिदको भुक्तानी गरीएकोमा उपयोग भएको प्रमाण पेश नभएकोले वितरणको फेहरिस्त तथा जडानको जि.पि.एस सहितको अभिलेखाँकन समेत पेश गरी उपयोगको प्रमाण पेश हुनुपर्ने रु

| खरिद शिर्षक | भौन | सामाग्री विवरण | आडटम संख्या | रकम मुल्य अभिबृद्दी कर समेत | खरिद विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ठेक्का न goods 079/080-03 | ७।०७९।१२।२६ | हयाण्डपम्प हेडसेट जाली पाइप लगायत | १० | ३४९५०४४ | रु ७१५२६५५ को लागत अनुमान तयार गरी श्रृजना टेडर्स एण्ड जेनेरल सप्लायर्स संग रु ४७९५०३५ मुल्य अभिबृद्दी करवाहेकमा सम्झौता | यस योजना अन्तर्गत ४०० थान हयाण्डपम्प सेट लगायतको सामाग्रीहरु आपुर्तक श्रृजना टेडर्स एण्ड सप्लायर्सवाट खरिद गरिएकोमा ४०० थान हयाण्डपम्प हेडसेट लगायतको सामाग्री खरिद गरि वितरण गरेको जनाएकोमा वितरण भरपाइ व्यवस्थित रहेको देखिएन । |
| | १०।०८०।१।१२ | हयाण्डपम्प हेडसेट जाली पाइप लगायत | २ | १७३३५०५ | | |
| दरभाउपत्रवाट खरिद | २१।०८०।३१९ | हयाण्डपम्प हेडसेट जाली पाइप लगायत | ५ | ९६५५२१ | रु ९६९२९८ को लागत अनुमान तयार गरी ९६५५२१ मा सम्झौता गरिएको | लिला आयरण स्टोर्सवाट ४७ थान हयाण्डपम्प सेट लगायतको सामाग्रीहरु खरिद गरि वितरण गरेकोमा वितरण भरपाइ व्यवस्थित नभएको साथै जडान प्रतिबेदन समेत नभएको |
| दरभाउपत्रवाट खरिद | २८।०८०।३।२३ | हयाण्डपम्प हेडसेट र थ्रिडटैप | २ | १६९९२२० | रु १९४८२६८ को लागत अनुमान तयार गरी १६९९२२० मा सम्झौता गरिएको | श्री राम इन्ट्रप्राइजेज जलेश्वर महोतरीवाट २४९ थान खरिद गरिएको विल संलग्न भएकोमा वितरण भरपाइ व्यवस्थित नभएको साथै जडान प्रतिबेदन समेत नभएको |
| दरभाउपत्रवाट खरिद | ३९।०८०।३।२४ | हयाण्डपम्प हेडसेट र थ्रिडटैप | २ | ९६१९१७ | रु ९६९९८७ को लागत अनुमान तयार गरी रु ९६१९१७ मा सम्झौता गरिएको | डि एन कन्सट्रक्सन जलेश्वर ३ महोतरीवाट १२४ थान हेडसेट तथा १०३ थान थ्रिडटेप खरिद गरेको विल संलग्न भएकोमा वितरण भरपाइ व्यवस्थित नभएको साथै जडान प्रतिबेदन समेत नभएको |
| | | | | ८८५५२०७ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,५५,२०७ |

२४.३ **लागत अनुमानमा ओभरहेड समेत समावेश गरेको** :- पालिकाले सामाग्री वितरणको लागि सार्वजनिक खरिद नियमावली अनुसार खरिद ओभरहेड समावेश गर्न मिल्ने देखिदैन । खरिद गरेकोमा लागत अनुमानमा ओभरहेड समेत समावेश गरेको देखियो । निम्नानुसारको लागत अनुमान तयार गरेकोमा ओभरहेड समावेश भएकोले व्ययभार परेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | १५,६१,३१० |

**(विस्तृत विवरण बेरूजु दफा २४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४.४ उपरोक्त अनुसार लागत अनुमान भन्दा बढी सम्झौता भई भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,१७३ |

**(विस्तृत विवरण बेरूजु दफा २४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **६।०८०।३।२४ एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम**

२५.१ पालिकाको वडा नं.८ मा १५ सैयाको अस्पताल निर्माण कार्यको लागि मिति २०७८।१२।२३ मा पालिकाले खानी रौता डि. एण्ड ए. जेभिसँग रु.१७२७०१७६०.३६।- मा सम्झौता गरेकोमा यस अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् :-

- **ठेक्कागत अभिलेख खाता** - पालिकाले ठेक्का व्यवस्थापन भए पश्चात निर्माण कार्यको भुक्तानी अभिलेख व्यवस्थित रुपमा देखिने गरी ठेक्का अभिलेख खाता राख्नुपर्नेमा राखेको देखिएन । जसबाट हालसम्मको अध्यावधिक भुक्तानी, कार्य सम्पादन जमानत र बिमाको म्याद स्थिति, पेश्की बाँकीको स्थिति लगायतका विवरणहरु स्पष्ट नहुने भएकोले ठेक्का गत अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । साथै रनिङ्ग विल तयार गर्दा समेत सम्झौता अनुसारको BOQ परिमाण अनुसार अघिल्लो विलसम्म भुक्तानी भएको परिमाण, चालु रनिङ्ग विलको परिमाण तथा अध्यावधिक परिमाण लगायतको विवरण देखिने गरी विल तयार गर्नुपर्नेमा फरक ढाँचामा रनिङ्ग विल तयार गरेको, सम्झौताको सम्पूर्ण आइटमहरु स्पष्ट हुनेगरी रनिङ्ग विल तयार नगरेकोले जिम्मेवारी सार्ने क्रममा जोखिम हुनसक्ने भएकोले तोकिएको ढाँचामा रनिङ्ग विलहरु तयार गर्नुपर्ने तथा सम्पुर्ण कागजातहरु व्यवस्थित राख्नुपर्ने देखिन्छ ।

- **न्यून प्रगति** :- निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार यस आर्थिक वर्षमा construction work अन्तर्गत रु.१,५७,२४,९००।- को मात्र मुल्याँकन भएको प्रथम रनिङ्ग विलमा उल्लेख भएकोमा मुल्य समायोजन रु.१९६२१४४।- समेत मुल्य अभिवृद्धि कर सहित रु.१९९८६३६०।- भुक्तानी भएको छ । सम्झौता अनुसार वित्तीय प्रगति १०.२८ प्रतिशत मात्र प्रगति भएको देखियो । निर्माण व्यवसायीसँग

मिति २०८०।१२।२५ सम्म सम्पन्न हुने गरी सम्झौता भएकोमा आर्थिक वर्षको अवधिसम्म कुल अवधि २४ महिनामध्ये १५ महिना अर्थात ६२ प्रतिशत म्याद समाप्त भैसकेको छ । लेखापरीक्षणको क्रममा कार्यतालिका पेश हुन आएन। निर्माण व्यवसायीलाई खरिद सम्झौताको वखत निर्धारित अवधिभित्रै सम्पन्न हुने कार्यतालिका समेत पेश गर्न लगाइ कार्य गर्नुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु१० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको बिमा गर्नुपर्ने प्रावधान अनुसार प्रोभिजनल सम वापत रु.५१८४५१।- राखी खरिद सम्झौता गरेकोमा बिमा पोलिसी संलग्न भएको देखिएन। खरिद सम्झौता तथा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार त्रुटी सच्याउने अवधि सम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम विरुद्ध प्रावधान राख्नुपर्ने देखिन्छ

• **मुल्य समायोजन भुक्तानी** :- निर्माण व्यवसायीले 2023 june 3 मा प्रथम रनिङ्ग विल पेश गरेको तथा कार्यालयले April/may २०२३ को प्रोभिजनल इन्डेक्स प्रयोग गरी मुल्य समायोजन मुल्य अभिवृद्धि कर समेत रु.२२१७२२२।- भुक्तानी गरेकोमा आगामी भुक्तानीमा वास्तविक इन्डेक्स राखी मुल्य समायोजन भुक्तानी यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५.२ मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मुल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी खानी रौता डि एण्ड ए जेभिलाई (पान नं.६१८१५४६२९) मुल्य अभिवृद्धि कर रकम समेत रु.१६९०००००।- भुक्तानी दिएकोमा लेखा परीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाईटमा सर्च गर्दा कर विवरण नबुझाई मिति २०८०।m।२ देखी non filer रहेको देखियो । तसर्थ कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएको देखिएकोले मु.अ.कर रु.१९४४२४७।- समायोजनको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४४,२४७ |

२५.३ **पेश्की बाँकी :-** पालिकाले यस कार्यको लागि निर्माण व्यवसायीलाई गत आर्थिक वर्षमा मोविलाईजेशन वापत रु.१९९९४७६१.८५।- उपलब्ध गराएकोमा चालु आर्थिक वर्षमा रु१ करोड समेत हालसम्म रु.२९९९४७६१.८५।- पेश्की बाँकी रहेको देखिन्छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC को SCC वुँदा नं.५७. ३ मा सम्झौता मुल्यको ३० प्रतिशत कार्य भएपश्चात पेश्की कट्टी गर्न सुरु गर्नुपर्ने तथा ८० प्रतिशत समयावधी समाप्त हुँदा सम्म सम्पुर्ण पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । निर्माण

व्यवसायीसँग मिति २०८०।१२।२५ सम्म सम्पन्न हुने गरी सम्झौता भएकोमा आर्थिक वर्षको अवधिसम्म कुल अवधि २४ महिनामध्ये १५ महिना अर्थात ६२ प्रतिशत म्याद समाप्त भैसकेको छ । सम्झौतामा उल्लेख भए अनुसार पेश्की फछ्यौट हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **जनता आधारभूत विद्यालय अग्लेश्वराको चारकोठे भवन**

यस निर्माण कार्यको लागि मुल्य अभिवृद्धि कर समेत रु.५१९३०३७।- मा कार्यालयले मिति २०७९।११।१ मा जिरादेवी कन्सट्रक्सन जनकपुर ९ सँग २०८०।३।१० भित्रमा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । यस अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

**क.**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको बिमा गर्नुपर्ने प्रावधान राखी खरिद सम्झौता तयार गर्नुपर्नेमा bill of quantity मा रु.१५०००।- राखेता पनि लेखापरिक्षणको क्रममा बिमा गरेको प्रमाण पेश नभएको तथा बिमावापतको भुक्तानी समेत लिएको देखिएन । तसर्थ त्रुटी सच्याउने अवधि सम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध तोकिएको अवधिभरको रकम समेटीने गरी बिमा गराउने प्रावधान राखेर मात्र खरिद सम्झौता हुनुपर्दछ ।

**ख.निर्माण कार्यको गुणस्तरः** निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको प्रावधान तथा पद्दती उल्लेख भएको देखिएन। गुणस्तर आश्वस्तता समेतको व्यवस्था गरी खरिद व्यवस्थापन हुनुपर्दछ ।

**ग.निर्माण कार्यको म्याद तथा न्यून प्रगति -** सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागि गरेको खरिद सम्झौतामा मिति २०८०।३।१० सम्म म्याद भएकोमा लेखापरीक्षण अवधिसम्म कुल सम्झौता रकमको रु.४१९७१८३।- अर्थात ६०.८२ प्रतिशत मात्र प्रगति भएको देखिएकोले निर्धारित औचित्यताको आधारमा म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ कार्य गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्येश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा रु.८२२२२५।- खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

• पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

• उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।

• प्रधानमन्त्री रोजगार कार्यक्रम- २०७९।८० मा सुचिकृत ३१० जना रहेकोमा १९५ जनालाई कुल रोजगारी दिन १४२५ दिएको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।धैरै वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

• प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको अद्यावधिक डोर हाजिरी राखेको देखिएन।

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ले तोकेको प्रक्रिया अवलम्वन गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **लघु उद्यम कार्यक्रम**

२८.१ **कार्यक्रम सञ्चालन -** गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष २७ लाख ६० हजार विनियोजन भएकोमा २३ लाख ६० हजार खर्च गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

सैद्धान्तिक बेरुजु

२८.२ **कार्यक्रम बाडफाँट-** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन । निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधिमा पहुँच तथा हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम प्रविधिमा पहुँच तथा हस्तान्तरण वित्तीय सेवामा पहुँच बजारीकरण सहजकर्ता परिचालन गरी सात शीर्षकको जम्मा रु.२३६००००।- कार्यक्रममा बजेट खर्च गरेको देखिन्छ।निर्देशिकाले तोकेनुसार सबै चरणको कार्यक्रम गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२८.३ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन**: लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा पुर्ण अद्यावधिक गरेको छैन।अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **शैक्षिक गुणस्तर-**सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत

नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रसंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **शिक्षातर्फ सशर्त**

३०.१ **पाठ्यपुस्तक अनुदान-** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप न. २.४.६.१ मा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तकको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउदा पहिलो किस्तामा ७५% अनुदान मात्र उपलब्ध गराउने र दोस्रो किस्तामा आवस्यकताअनुसार २५% दिन सकिने व्यवस्था छ। पालिकाले पहिलो किस्ताको रकमबाट विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बाढेको विवरण पेश नगरी नै पालिकाले दोस्रो किस्तासमेत अनुदान उपलब्ध गराएको छ।पालिकाले विद्यालयहरुबाट पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको प्रमाण माग गरी अध्यावधिक रुपमा राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३०.२ **विद्यालय अनुदानः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका विद्यालयहरुको अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सबै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकीन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३०.३ **विज्ञान प्रयोगशाला निर्माण अनुदान**: कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.७१३.३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत सामुदायिक विद्यालयलाई विज्ञान प्रयोगशाला निर्माणको लागि रु ६५००००।- का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले यस वर्ष जनता आधारभुत(०-८) विद्यालयलाई विज्ञान प्रयोगशाला निर्माण गर्न रु.६५००००।- अनुदान दिएकोमा पालिका भरिको विद्यालयको कार्ययोजना बनाई प्रथामिकताको आधारमा दिनुपर्ने उक्त कार्य सम्पन्न भएको प्रतिवेदन संलग्न रहेको पाइएन। कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

३०.४ **दिवा खाजा -** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप न. २.८.७ मा सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने बालविकास देखि कक्षा ६ सम्मका विद्यार्थीहरुको लागि IEMIS सङ्ख्याअनुसार सत्यापन गराई दिवा खाजा वापतको रकम अनुदान दिनुपर्ने र विद्यालयहरुले सो अनुदानबाट दिवा खाजा कार्यक्रम सञ्चालन गरिसकेपछी सो को प्रतिवेदन स्थानीय तहमा वुझाउनुपर्ने व्यवस्था छ।यस पालिकामा देहायका विद्यालयहरुले दिवा खाजा वापतको ७६ लाख ९१ हजार रकम निकासा भएकोमा सो रकमबाट दिवा खाजा कार्यक्रम संचालन भएको विवरण पेश भएको देखिएन।विद्यालयहरुलाई दिवा खाजा खुवाएको प्रमाण समयमा नै पेश गर्न लगाइ अध्यावधिक अभिलेख राख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ३०.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३०.५ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०२८ जना रहेका छन्। पालिकाले अजय सर्जिकल हाउस बाट १८०५२ थान स्यानिटरी प्याड रु १६३८४१७।- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। छात्राको सङ्ख्याअनुसार समयमै स्यानिटरी प्याड खरिद गर्नुपर्ने तथा वितरण नभएको प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा भण्डारण गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३०.६ **संस्थागत विद्यालयहरुको अनुगमन-** संघीय शासन प्रणालीअनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा पर्दछ। सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने तथा संस्थागत विद्यालयहरुको अनुगमन गर्ने कार्य पालिकाको हो। पालिकाभित्रमा ४ वटा संस्थागत विद्यालय रहेका छन्। पालिकाले सस्थागत विद्यालय अनुगमन मापदण्ड वनाएको तथा अनुगमन गरेको देखिएन।पालिकाले संस्थागत विद्यालयको अनुगमन नगरेको कारण संस्थागत विद्यालयहरुले बढी दरमा शुल्क लिएको तथा गरिब तथा जेहेनदार विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गरे/नगरेको यकीन गर्न सकीएन। पालिकाले संस्थागत विद्यालय अनुगमन मापदण्ड निर्माण गरी संस्थागत विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३०.७ **संस्थागत विद्यालयहरुको लागत सहभागिता** - पालिकाभित्रमा ४ ओटा संस्थागत विद्यालय रहेका छन्।नया सञ्चालनमा रहेका तथा कक्षा अपग्रेड भएका सस्थागत विद्यालयहरुको विवरण पालिकाले व्यवस्थित रुपमा राखेको पाइएन।निजी विद्यालयहरुबाट हुन सक्ने आम्दानीतर्फ समेत पालिकाले ध्यान दिएको देखिएन।पालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षा ८ को परीक्षा सञ्चालन पालिकाले सञ्चालन गर्ने गर्दछ।सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको लागि कक्षा आठको परीक्षा सञ्चालन तथा विद्यार्थीको मूल्यांकन गर्न सरकारले प्रतिविद्यार्थी २७५ रुपैया खर्च गरिराखेको हुन्छ।सस्थागत विद्यालयका विद्यार्थीहरुलाई परीक्षा सञ्चालन र मूल्यांकन गरिदिएवापत पालिकाले सस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत ६७ जना विद्यार्थीबाट प्रतिविद्यार्थी २७५ का दरले शुल्क लिने हो भने पालिकाले रु. १८४२५।- आम्दानी गर्न सक्छ। पालिकाले संस्थागत विद्यालयहरुको नियमित अनुगमन गर्ने तथा पालिकाबाट संस्थागत विद्यालयहरुलाई समेत समेटिने गरी गर्ने क्रियाकलापहरुमा संस्थागत विद्यालयहरुबाट समेत लागत साझेदारी गराउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३१ सशर्ततर्फ स्वास्थ्य

३१.१ **औषधि खरिद**: पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । नगरपालिकाले विभिन्न बजेट उपशीर्षकबाट ओमिशा मेडिको प्रा. लि.बाट २ पटक र जस्मिन मेडिको फर्मा प्रा. लि.बाट १ पटक विभिन्न आपुर्तिकर्तामार्फत यस वर्ष e-bid तथा सोझै खरिदको माध्यमबाट रु.२१३४१८१।- को औषधि र उपकरण खरिद गरी भुक्तानी दिएको छ। कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान तथा औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार खरिद गरेको देखिएन।आपूर्तिकर्ताबाट हुने औषधि तथा

औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ।आपूर्तिकर्ताबाट आपूर्ति भएका औषधि वा अन्य सामानको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्ने नगरेको, स्टोर दाखिला गर्दा प्रत्येक औषधिको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला नगरेको, प्रयोग र मौज्दात समेत यकीन नभएको पालिकामा Durgs Store नभएको Direct स्वास्थ्य संस्थामा पुर्याउने गरिएको आकस्मिक व्यवस्थापनको लागी नराखिएको गत विगतको विरामी संख्यालाई आधार लिई खरिद नगरिएको बर्षको शुरुमा नै स्वास्थ्य संख्याबाट मागको आधारमा खरिद नगरिएको हुदाँ संस्थाले कार्ययोजना बनाई सम्झौताको सर्त अनुसार खरिद तथा व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.२ कोभिड १९ रोगको भ्याक्सिनको अवस्था- सरकारले कोभिड-१९ विरुद्धको भ्याक्सिन लगाउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ। स्वास्थ्य मन्त्रालयले विकास गरेको DHIS2 प्रणालीबाट सिर्जित रिपोर्ट अनुसार यस पालिकामा कोभिड- १९ भ्याक्सिन लगाएका नागरिकहरुको सङ्ख्या यस प्रकार रहेको छ।

| कोभिड भ्याक्सिनेशनको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | भ्याक्सिन लगाउनुपर्ने सङ्ख्या | कम्तिमा १डोज भ्याक्सिन लगाउने | दुवै डोज लगाउने | वुस्टर डोज प्रथम | वुस्टर डोज दोस्रो |
| ३७३६१ | २९८८८ | ६२.८०% | ६५.२०% | १६.६०% | ४.७०% |

• उल्लिखित रिपोर्टअनुसार कम्तिमा १ डोज भ्याक्सिन लगाउने जनसङ्ख्या धैरै देखिएतापनि वुस्टर डोज लगाउने जनसङ्ख्या प्रथम १६.६% र दोस्रो ४.६% घट्दै गएको छ ।

• पालिकाले vaccine को बारेमा पर्याप्त जनचेतना जगाउने सकेको देखिएन् । तसर्थ पालिकाले भ्याक्सिन लगाउने योग्य सबै नागरिकहरुलाई तोकीए बमोजिमको मात्रामा भ्याक्सिन लगाउने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **फर्माको बढी भुक्तानी-** पालिकाले श्याम यादवको घरदेखी जाविर साफीको घरसम्म ढलानकार्यको लागि फर्माको दररेट प्रति बर्गमिटर र १०८८. ८९ राखी दररेट निर्धारण गरेको देखियो । पिसिसी ढलानको परिमाण ९०.१७ घनमिटर भएकोले सडक विभागको नम्स अनुसार फर्मा वापतको रकम रु७९४३४ भुक्तानी गर्न मिल्नेमा रु९८१८५ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु१८७५० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७५० |

३३ **बढी दररेटले भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ वमोजिम १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । साथै खरिद ऐनको दफा ५ वमोजिम निर्माण कार्यको तोकिए वमोजिम लागत अनुमान वनाउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले यसवर्ष पूँजीगत शीर्षकबाट अधिकांश सडक निर्माण कार्य गरेको छ । स्थानीय तहकोआफ्नै नर्मस नभएको अवस्थामा सम्बन्धित कार्यको लागि वैज्ञानिक, गुणस्तरीय र किफायती नम्स प्रयोग गर्नुपर्दछ । पालिकाले सडक निर्माण कार्यको लागि सडक विभागको नभई डोलिडारको नम्स प्रयोग गरी सोही अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग खरिद सम्झौता गरी सोहि वमोजिम भुक्तानी गरेको देखियो । सडक विभागको स्विकृत नम्सको प्रयोग नगरी सडक निर्माण कार्यमा भवन बिभागको नम्स प्रयोग गर्दा व्ययभार परेको छ । सडक विभागको पुल तथा सडक निर्माणको नम्स section 2000, concrete for structure अन्तर्गत लाग्ने नम्स सम्बन्धमा व्यवस्था छ । लागत अनुमानको लागि जिल्ला दररेट र नम्स अनुसार पालिकाले दर विश्लेषण गरी सोही अनुसार भुक्तानी गर्नुपर्दछ ।

• पालिकाको प्राविधिक शाखाले लागत अनुमानको लागि नम्स प्रयोग सम्वन्धमा आर्थिक वर्ष २०७८।०७९ मा महालेखापरीक्षकबाट वेरुजु औल्याइएको र कुन नम्स प्रयोग गर्ने भनि निर्देशन मागेकोमा यस सम्बन्धमा कार्यपालिकामा पेश भएकोमा मिति ०७९।४।१७ को कार्यपालिका निर्णयको वुँदा नं.२ ले भवन तर्फको कार्यमा भवन विभाग तथा अन्य कार्यमा डोलिडारको नम्स प्रयोग गर्ने निर्णय गरेको देखियो । यसरी सार्वजनिक निर्माण कार्यमा वैज्ञानिक तथा सम्बन्धित विभाग तथा संस्थाको नम्म प्रयोग गर्ने निर्णय गर्नुपर्नेमा Manually कार्य गर्ने अवस्थामा प्रयोग हुने नम्स प्रयोगको लागि कार्यपालिकाले गरेको निर्णय नियमसम्मत देखिंदैन।

• पालिकाले यस वर्ष सडक निर्माण कार्यको भुक्तानी गर्दा पालिकाले PCC 1:2:4 कार्यमा सडक विभागको दर विश्लेषण अनुसार हुन आउने दर रु१०७०३ अनुसार भुक्तानी हुनुपर्नेमा रु१२३७७ को दरले भुक्तानी भएकोले प्रतिघनमिटर रु १७६४ को दरले बढी भुक्तानी गरेको देखियो । नमुना छनौट गरी परीक्षण गरेकोमा देहाय अनुसारको दर विश्लेषण अनुसार दररेट निर्धारण हुनुपर्नेमा निम्न योजनामा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,४१,७०३ |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **गत वर्षको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा

कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरेको देखिएन । भुक्तानी दिन वाँकीमा विनियोजित शीर्षकबाट भुक्तानी गरेको देखियो । गत वर्षको योजना कार्यक्रम भुक्तानी गर्ने क्रममा रु २ करोड ३ लाख १४ हजारको लागत अनुमान अनुसार रु१ करोड ४१ लाख ४३ हजारको को मूल्याँकनमा भुक्तानी गर्न बाँकीको टिप्पणी संलग्न गरी रु९८ लाख १२ हजार भुक्तानी दिएको छ।

योजनाहरुआर्थिक बर्षको अन्तमा आएर सम्झौता गर्ने र न्युन समयावधीको सम्पन्न मिति राख्नाले सम्बन्धित आर्थिक बर्षमा भुक्तानी हुन नसकेको देखिन्छ । यसो हुनाले आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समितिसँग न्यून समयावधिको सम्झौता गर्नाले हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने तथा आन्तरिक नियन्त्रण प्रभावकारी नभई सार्वजनिक स्रोतसाधनको दुरुपयोग समेत हुन सक्ने देखिन्छ । योजना तथा केही खरिद वापतको भुक्तानी गर्दा गत विगतमा भुक्तानी गर्न नसक्नुको कारण तथा भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न गरेको छैन। यसरी पालिकाले गतविगतको भुक्तानी गर्दा सम्पुर्ण कागजात, सम्झौता,लागत अनुमान , दर बिश्लेषण, गतविगतको भुक्तानी स्थिति देखाउने योजनागत खाता लगायत प्रमाणकागजातहरुव्यवस्थित रुपले श्रेस्तासाथ नराखी, उपभोक्ता समितिले पेश गरेको नापजाँच अनुसारको परिमाणमा कार्यसम्पन्न प्रतिवेदन बनाई रकम भुक्तानी दिएको देखियो । यसरी योजनागत खाता नराखी भुक्तानी हुँदा दोहोरो भुक्तानी हुन सक्ने, बढी भुक्तानी हुनसक्ने देखिन्छ ।

यसरी पर्याप्त गृहकार्य गरी बजेट कार्यन्वयन नगरेको तथा सम्बन्धित आर्थिक वर्षभित्रै निर्धारित विधि नअपनाएको तथा भुक्तानी दिन बाँकीको फेहरिस्त संलग्न नगरी यस आर्थिक बर्षमा बजेट समाबेश गरी भुक्तानी गरेको नियमसम्मत देखिदैन। सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराउनुपर्ने , आर्थिक वर्षअनुसार कार्य गर्दा आगामी आर्थिक वर्षमा दायित्व श्रृजना नहुने गरी भुक्तानी दिने ब्यवस्था गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **माटो पुर्ने कच्ची प्रकृतिको कार्य गराएको**-पालिकाले उपभोक्ता समिति मार्फत कार्यको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको भुक्तानी गर्दा अधिकांश माटो तथा ग्राभेलको कार्य गराएको छ। यसरी कार्य गराउँदा माटो पुर्ने कार्यहरूको स्पष्ट पार्ने पर्याप्त तस्वीरहरुसमेत संलग्न नगरी केवल कागजी भरपाईको आधारमा खरिद परिमाण समेत नखुलाई पेश गरीएको विल भरपाई तथा नापी अनुसार रकम भुक्तानी गरीएको छ । निर्माण कार्यमा माटो प्रयोग भएको स्पष्ट प्रमाण कागजात, तस्विर तथा अनुगमन लगायतका पुष्ट्याईंहरु संलग्न गरेर मात्र कार्य गर्नुपर्ने देखिन्छ । पूर्वाधार निर्माण तर्फ कार्य गर्दा कच्ची कार्य भन्दा पक्की प्रकृतिको संरचनाहरु वनाउनुपर्ने देखिएको छ । नमूना छनौट गरी परीक्षण गर्दा यसवर्ष माटो पुर्ने कार्यको लागि भएको भुक्तानीका उदाहरणहरुदेहाय अनुसार रहेका छन्:-

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **उपभोक्ता समितिबाट निर्माण व्यवसायी प्रयोग गराई कार्य गरेको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराईएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ । तर यस पालिकाले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसँग सम्झौता भएका योजना निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको प्राप्त विल भर्पाईबाट देखिन्छ । साथै खरिद नियमावलीको नियम, ९७(९) अनुसार उपभोक्ता समितिबाट हेभी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने भए सम्बन्धित प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्न मिल्ने व्यवस्था रहेको छ। नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको योजनाहरुमा हेभी इक्युपमेन्टको प्रयोग गर्दा प्राविधिकको सिफारिस लिएको देखिंदैन।यसरी उपभोक्ता समिति मार्फत काम गर्ने गरी विना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीबाट गराउन मिल्ने देखिदैन । उपभोक्ता समितिले सम्झौता गरी निर्माण गर्ने जिम्मा लिई केही योजनाहरुमा न्युन मात्रामा मात्र उपस्थिति मात्रै देखाउने डोर हाजिरी संलग्न गरी प्राय कार्यसम्पन्न अनुसारकै रकमको कार्यमा निर्माण व्यवसायीको विल संलग्न गरी निर्माण व्यवसायी मार्फत कार्य गराएको सम्मत देखिदैन । यस्तो प्रकारको कार्यमा सम्झौता गराई कार्य गर्ने गराउने कार्य सम्वन्धित पक्षलाई जिम्मेवार बनाई नियन्त्रण गर्नुपर्ने तथा कानुनको परिधिभित्र रहेर मात्र कार्य गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७ **पूँजीगत शीर्षकमा बजेट विनियोजन तथा खर्च स्थिति-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ अनुसार कार्यपालिकाले नगरसभा बाट स्वीकृति सीमा र शीर्षक भित्र बजेट खर्च गर्न पाउने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा पूँजीगत शीर्षकमा रु२४ करोड ६० लाख १८ हजार बजेट विनियोजन गरेकोमा रु१४ करोड ६९ लाख ७७ हजार मात्र खर्च लेखेको छ । जस अन्तर्गत विनियोजित क्षेत्र, बजेट, कार्यान्वयन स्थिति, कार्यान्वयन नभएको स्थिति तथा विनियोजनको तथा खर्चको तुलनात्मक व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

| विनियोजत क्षेत्र | विनियोजित योजना संख्या | विनियोजिगत रकम | कार्यान्वयन भएका | | कार्यान्वयनमा नआएको | | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | योजना संख्या | खर्च भएको रकम | योजना | विनियोजित रकम | |
| पालिका | ८९ | १११३४६ | ४३ | ५३००२ | ४६ | ४९९४६ | ४७.६ |
| वडा नं. १ देखी ९ | १३० | ६६२२२ | ७० | ४५६४८ | ६० | १३५४५ | ६८.९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघ तथा प्रदेश सशर्त | २५ | ६८४५० | ९ | ४८३२७ | १६ | १४१०७ | ७०.६ |
| जम्मा | २४४ | २४६०१८ | १२२ | १४६९७७ | १२२ | ७७५९८ | |

उपरोक्तानुसार विश्लेषण गर्दा पालिका स्तर तथा वडाहरुमा विनियोजित बजेटको तुलनामा खर्च प्रतिशत न्युनतम ४७.६ प्रतिशत सम्म रहेको र अधिकतम बजेट उपयोग ७०.६ प्रतिशत सम्म मात्र रहेको देखियो। यसरी विनियोजित बजेट अनुसार कार्य सम्पादन नभएकोले कार्यालयको पूँजीगत खर्च कार्यान्वयनको प्रगति सन्तोषजनक देखिंदैन । विनियोजित बजेट तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नेगरी कार्यसम्पादन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **लागत अनुमान तथा दर विश्लेषण** -सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरीने नम्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नम्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासँग छलफल गर्दा डोलिडार तथा भवन विभागको नम्स प्रयोग गरेको जनाएको छ । गत विगतदेखि सडक निर्माणको योजनाहरुमा सडक विभागको वैज्ञानिक नम्स प्रयोग गर्नुपर्ने महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएकोमा यस वर्ष समेत डोलिडार कै नम्स प्रयोग भई उक्त कार्यमा सुधार भएको देखिएन । सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नम्स प्रयोग तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण किफायती नम्स प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन-**पालिकाले यसवर्ष गत विगत वर्षको योजनाहरुको भूक्तानी, ,यस वर्ष संचालित योजनाहरुको भूक्तानी गरेको छ । यसरी भुक्तानी गरीएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपप्रमुखबाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी पार्ने व्यवस्था छ ।

स्थानीय तहबाट निर्माण र सम्पादन हुने कार्यमा स्थलगत रुपमा स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष संयोजक रहेको अनुगमन/मुल्याकन समितिले अनुगमन गरी जाँचपास गरी भूक्तानी प्रकृया अपनाउनु

पर्नेमा नगर तथा वडा स्तरीय अनुगमन फारम संलग्न गरीएकोमा योजनाको नाम, स्थान र प्रगति प्रतिशत मात्र उल्लेख भएको देखियो ।

कानुनवमोजिम अनुगमन समिति गठन गरी अनुगमन प्रतिवेदन साथ योजनाहरुको पुष्टयाई गर्ने तस्वीर, योजना अनुगमन गरेको मिति, अनुगमनका क्रममा देखिने त्रुटी औल्याई गर्नुपर्ने सुधार सहितको टिप्पणी लगायतको कुराहरु उल्लेख गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर मात्र भूक्तानीको व्यवस्था मिलाई कानुनी परिपालना गर्नुपर्नेमा सोअनुरुप कार्य भएको देखिएन ।

प्रभावकारी अनुगमन समिति वेगरको अनुगमन प्रतिवेदन तथा पर्याप्त पुष्ट्याईं वेगर भूक्तानी गर्नले संचालित तालिम, गैर सरकारी संस्थाबाट संचालित कार्यक्रमहरु, भौतिक पुर्वाधार योजनाहरुपूर्वनिर्धारित गुणस्तर तथा लागत अनुमान अनुसार संचालित तथा सम्पन्न भए भनि विश्वस्त हुन सकिने आधार देखिँदैन ।पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना, तालिम कार्यक्रम, वितरणमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेषण गर्नुपर्दछ । ऐन कानुनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ । लेखापरीक्षणको क्रममा समयभावका कारण स्थलगत लेखापरीक्षण गरिएको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **न्युन बजेट विनियोजन गरी योजनाहरु अधुरो हुन गएको** -पालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकाँश योजनाहरू अपुरो हुने गरी बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यकता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता नहुने, पूर्ण कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने, गुणस्तरीयता समेत कमजोर हुने समस्या देखिन सक्ने हुन्छ । तसर्थ पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न हुने गरी कार्य गर्नुपर्ने देखिएको छ। पालिकाले यस वर्ष संचालन गरेका अधिकाँश योजनाहरुमा पर्याप्त बजेट नछुट्याई न्युन बजेट विनियोजन गरेकोले केही कार्य मात्र भई अपुरो रहन गएको छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन बजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्दतीबाट बजेट विनियोजन र कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **श्रेस्ताहरुको अनुगमन तथा प्रमाणीत स्थिति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार कार्यालय प्रमुबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउने व्यवस्था रहेको छ।

कानुनमा भएको व्यवस्था अनुसार कार्यालय प्रमुखले कार्यालय संचालनको क्रममा सृजना भएका श्रेस्ताहरुको नियमित चेकजाँच गरी लेखा श्रेस्ता समेत चुस्त दुरुस्त राख्नुपर्नेमा निर्माण कार्य संचालनको श्रेस्ता प्रभावकारी रुपमा राख्नुपर्ने तथा निर्माण तथा योजनाहरुको आधारभुत कागजातको रुपमा रहेको नापी किताब,लागत अनुमान, रनिङ्ग विल तथा कार्यसम्पन्न प्रतिवेदनहरुकार्यालय प्रमुखबाट प्रमाणीत गराई राख्नुपर्नेमा केही योजनाहरुको सम्पुर्ण कागजातहरु प्रमुखबाट सदर भएको देखिएन । यसरी सम्पुर्ण खर्च सृजना गर्ने कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणीत नगराई गरेको भुक्तानी नियमसम्मत देखिंदैन । तसर्थ लेखाश्रेस्ता सँग सम्बन्धित सम्पुर्ण कागजातहरु कार्यालय प्रमुखबाट समेत प्रमाणीत गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२ **कन्टेन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्चबाट २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कन्जेन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कट्टा गर्ने गरेको देखिएता पनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४३ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०७९।०८० मा छनौट गरीएका योजना कति सम्पन्न भए, कतिको रनिङ्ग बिल मात्र भुत्तानी भए , अद्यावधिक कार्य कति छ सो को अभिलेख पालिकाले राखेको छैन । पालिकाले वडा भवन मर्मत/भवन निर्माण, सडक निर्माण , सिचाइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामी वर्षहरुमा पुन क्रमागत बजेट मार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ्ग बिल लगायतको विवरण अद्यावधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **उपभोक्ता समितिबाट खरिद व्यवस्थापन-** पालिकामा यस वर्ष संचालित भएका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरुनिम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरुखुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरीनु पर्दछ ।

• उपभोक्ता समितिहरुबाट सम्पन्न भएका निर्माण कार्यहरूको पर्याप्त पुष्ट्याईं तथा विश्वसनीयताको लागि निर्माण कार्य पूर्व तथा निर्माण कार्यसम्पन्न भईसके पश्चातको तस्विरहरुभुक्तानी श्रेस्तासाथ राख्नुपर्नेमा अधिकांश योजनामा सो अनुरुप प्रमाणकागजात राखेको देखिएन । यसरी निर्माण कार्यको स्पष्ट प्रमाण राख्ने गरेको नदेखिएकोले प्रमाण कागजात र अभिलेखिकरण व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

• अधिकाँश योजनाहरुमा उपभोक्ता समितिहरुले पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरुखरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका कुनै पनि योजनाहरुउपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायतको व्यहोरा सहित अपनत्व कायम हुने गरी

सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यविधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• **उपभोक्ता समितिको न्युन योगदान** -पालिकाले उपभोक्ता समितिको योगदान पक्की प्रकृतिको कार्यमा ५ प्रतिशत तथा कच्ची प्रकृतिको कार्यमा १० प्रतिशत मात्र राखी सम्झौता र भुक्तानी गर्ने गरेको देखियो । न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम बनाउनुपर्ने देखिन्छ ।

• **निर्माण कार्यको समय र गुणस्तर -** सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरीयता लगायतको बिचार गरी निर्माण समयावधी कायम गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा cement concreting, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अवधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । निर्माण गराएको नापी किताब संलग्न गरेकोमा सम्पुर्ण योजनाहरुको प्राविधिक परीक्षण गरेको देखिएन । Cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत व्यवस्थित अनुगमन प्रतिवेदन समेत संलग्न गरेर मात्र निर्माण कार्य गराउनु पर्ने देखिन्छ । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाई गरीएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• **ग्राभेल कार्यको गुणस्तर परीक्षण-** पालिकामा यस वर्ष केहि योजना अन्तर्गत ग्राभेल बिछ्याउने कार्यमा गरेको देखियो । कम्प्याक्सन सहितको दर विश्लेषण गरी ग्राभेल तयारी कार्यको भुक्तानी गरेकोमा उपभोक्ता समितिबाट भएका निर्माण कार्यको Compaction test गरेको देखिएन । पूर्वनिर्धारित स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार निर्माण कार्य भए नभएको सम्बन्धमा स्पष्ट पार्ने प्राविधिक परीक्षण हुनुपर्ने देखिन्छ।

• **खर्च अनुमोदन;-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित आयोजनाहरुउपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• **डोर हाजिरः** पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरुपूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्झौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लिखित विवरणहरुपूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकबाट स्वीकृत डोरहाजिरी फारम

भरी प्राविधिक नम्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• **नापी किताब प्रविष्टी एवं अभिलेख:-** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, योजना संचालन गर्नेको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरुभएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताब नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत अधिकांश योजनामा नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउँदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ्ग बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादित नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

• उपभोक्ता समितिहरुले बिल भरपाईहरुपेश गर्दा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, बिल भरपाईहरुजोड जम्मा गर्ने नगरेको, सामग्रीहरुकुन ठाउँबाट ढुवानी गरेको हो खुल्ने स्थिति नरहेको र फरफारक श्रेष्ता साथ संलग्न विवरण कुनैपनि फारमहरू भर्ने नगरेको देखियो। यस्तो प्रकारको श्रेस्ताहरुसंलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद कानुनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरुप्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य

सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरीएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

• **लागत अनुमान अनुसारको विल भरपाई यकिनको स्थिति** - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकाँश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा गिटी तथा वालुवाको कागजी भरपाई संलग्न गरी पेश गरेकोमा कति परिमाण उपभोक्ता समितिबाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्ताबाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नम्स अनुसारको गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन । पटकपटक रनिङ्ग विल दिई विलहरुमा आशिक विल भरपाइ राख्ने गरेकोले bill of quantity अनुसार श्रम सामाग्री तथा मेसिनरी औजारको विल भरपाईहरु मेल खाने स्थिति रहे नरहेको यकिन गर्ने स्थिति नरहेकोले प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ

• सार्वजनिक खरिद नियमावली, २०६४ को १२ औ संसोधन अनुसार उपभोक्ता समितिबाट हुने खरिद व्यवस्थापनमा २० लाख भन्दा माथिको खरिदमा बिमा गर्नुपर्ने र कार्यालयले सहजीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिमार्फत भएको योजनाहरुको बिमा गरेको देखिएन । नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **बढी भुक्तानी-** वडा नं ५ को पुलदेखी विन्देश्वर रायको घर सम्म नाला तथा पिसिसि ढलान कार्यको भुक्तानी गर्दा मुल्याँकन रु४१५९०३२ भएकोमा श्रमदान कट्टी गरी रु३९१२८१७ मात्र भुक्तानी गर्नुपर्नेमा रु३९१८८१७ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु६००० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

४६ **श्री रामविलास यादव चन्देश्वर यादव मा वि भाेयलकाे अधुराे भवन फिनिसिङ्ग**

४६.१ यस निर्माण कार्यको लागि मूल्य अभिबृद्दि कर समेत रु३५२७६५४ मा कार्यालयले मिति २०७९।११।५ मा जनज्योती कन्सट्रक्सन जनकपुर ७ सँग २०८०।३।१० भित्रमा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । यस अन्तर्गत देखिएका व्यहोराहरुदेहाय अनुसार रहेका छन्

क. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु१० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको बिमा गर्नुपर्ने प्रावधान राखी खरिद सम्झौता तयार गर्नुपर्नेमा सो गरेको देखिएन । तसर्थ त्रुटी सच्याउने अवधि सम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध तोकिएको अवधिभरको रकम समेटीने गरी बिमा गराउने प्रावधान राखेर मात्र खरिद सम्झौता हुनुपर्दछ ।

**ख. निर्माण कार्यको गुणस्तरः** निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको प्रावधान तथा पद्धती उल्लेख भएको देखिएन । गुणस्तर आश्वस्तता समेतको व्यवस्था गरी खरिद व्यवस्थापन हुनुपर्दछ ।

**ग.निर्माण कार्यको म्याद तथा न्युन प्रगती** - सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागि गरेको खरिद सम्झौतामा मिति २०८०।३।१० सम्म म्याद भएकोमा लेखापरीक्षण अवधिसम्म कुल सम्झौता रकमको १७५६२४३ अर्थात ४९.७८ प्रतिशत मात्र प्रगति भएको देखिएकोले निर्धारित अवधिमा निर्माण कार्य सम्पन्न गराउने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६.२ **पेश्की बाँकी :-** निर्माण व्यवसायीलाई मोविलाईजेशन वापत उपलब्ध रु.६००००० ।- गराएकोमा प्रथम रनिङ्ग विलबाट रु.२०००००।- कट्टी भएकोमा रु.४०००००।- फछ्यौट नभई बाँकी रहेको देखियो तसर्थ नियमानुसार फछ्यौट गर्नुपर्ने देखिएको रु....

| | |
|---|---|
| पेश्की | ४,००,००० |

४६.३ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मूल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी जनज्योती कन्सट्रक्सन जनकपुर ७ (पान नं.६०१४१२३६९) मूल्य अभिबृद्दि कर रकम समेत रु१७५६६२४३ भुक्तानी दिएकोमा लेखा परीक्षणको

क्रममा आन्तरिक राजस्व विभागको वेभसाईटमा सर्च गर्दा कर विवरण नबुझाई मिति २०७९|m|११ देखी non filer रहेको देखियो । तसर्थ कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएको देखिएकोले मु.अ.कर रु२०२०४५ समायोजनको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०२,०४५ |

४७ **जनता आवि अग्लेश्वराको चारकोठे भवन-** यस निर्माण कार्यको लागि मूल्य अभिबृद्दि कर समेत रु५१९३०३७ मा कार्यालयले मिति २०७९|११|१ मा जिरादेवी कन्सट्रक्सन जनकपुर ९ सँग २०८०|३|१० भित्रमा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । यस अन्तर्गत देखिएका व्यहोराहरुदेहाय अनुसार रहेका छन्

**क**.सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु१० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बीमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रावधान राखी खरिद सम्झौता तयार गर्नुपर्नेमा bill of quantity मा रु१५००० राखेता पनि लेखापरीक्षणको क्रममा बीमा गरेको प्रमाण पेश नभएको तथा बीमावापतको भुक्तानी समेत लिएको देखिएन । तसर्थ त्रुटी सच्याउने अवधि सम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द तोकिएको अवधिभरको रकम समेटीने गरी बीमा गराउने प्रावधान राखेर मात्र खरिद सम्झौता हुनुपर्दछ ।

**ख.निर्माण कार्यको गुणस्तरः** निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको प्रावधान तथा पद्दती उल्लेख भएको देखिएन। गुणस्तर आश्वस्तता समेतको व्यवस्था गरी खरिद व्यवस्थापन हुनुपर्दछ ।

ग.निर्माण कार्यको म्याद तथा न्युन प्रगती - सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागि गरेको खरिद सम्झौतामा मिति २०८०|३|१० सम्म म्याद भएकोमा लेखापरीक्षण अवधिसम्म कुल सम्झौता रकमको ४१९७१८३ अर्थात ६०|८२ प्रतिशत मात्र प्रगति भएको देखिएकोले निर्धारित औचित्यताको आधारमा म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ कार्य गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **स्यालो ट्युवेल जडान**

४८.१ पालिकाले २५० तथा स्यालो ट्युवेल जडान तथा वितरण कार्यको लागि संघीय सशर्त पूँजीगत शीर्षकबाट रु१० लाख तथा पालिका कृषि पूँजीगत शीर्षकबाट रु१९ लाख ५० हजार विनियोजन गरेकोमा देखिएका व्यहोराहरुदेहाय अनुसार रहेका छन्:-

• **लागत अनुमान:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै सार्वजनिक निकाय अथवा उक्त निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ,उधोग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए अनुसारको आधार नलिई केवल जिल्ला दररेटलाई मात्र लिएको तथा स्पेसिफिकेश समेत तयार नगरेको देखियो । यसरी स्पेशीफिकेशन तथा लागत अनुमानको आधार तय नगरी गरेको खरिद कार्य मितव्ययी तथा प्रतिस्पर्धी छ भनि यकीन गर्ने आधार देखिंदैन। यसरी आधारवेगर २५० तथा वोरिङ सेटको लागि रु२९११३२३ को लागत अनुमान संलग्न गरी गरेको खरिद कार्य नियमसम्मत देखिंदैन। सार्वजनिक खरिद कानुनको परिपालना गरी स्पष्ट आधारप्रमाण संलग्न गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

• **Post Delivery Inspection Report:-** कार्यालयले खरिद सम्झौता पश्चात आपुर्ति भएका सामाग्रीहरुको स्पेसिफिकेशन अनुसार Post Delivery Inspection तयार गरेको देखिएन। । लागत अनुमान तयारीका बखत स्पेसिफिकेशन प्रतिवेदन राखिएता आपुर्तिकर्ता रितु टेडर्स विद्यानगर ५ सिरहाबाट रु२५० तथा सेट आपुर्तिको रु२९९२२७ को सामाग्री आपुर्ति पश्चात चेकजाँच तथा गुणस्तर परीक्षण गरेको देखिएन । निर्धारित सामाग्रीहरुतोकिएवमोजिम आपुर्ति भए नभएको सम्बन्धमा यकीन हुनुपर्दछ ।

• **लाभग्राही छनौटको आधार:-** पालिकाले यस कार्य अन्तर्गत वितरणको लागि वडा नं.२,कृषि श्रेत्रमा अनुदान परिचालन कार्यविधि, २०८० वुदा नं.४ उपवुदा ४ अनुसार समुह तथा व्यक्तिको न्युनतम ४ विगा जमिन हुनुपर्ने तथा ट्युवेलको सम्पुर्ण सामाग्रीहरुर गाड्ने खर्च एकुमुष्ट रुपमा विल भरपाइ तथा खर्चको विवरण अनुसार रु७००० लाभग्राहीलाई भुक्तानी दिने उल्लेख छ । यस्तो प्रकारको कार्यहरुसंघ तथा प्रदेशका निकायहरुले समेत गर्ने भएकोले अन्तरनिकाय समन्वय तथा लाभग्राही छनौटको सुचना आदानप्रदान गरेर मात्र दोहोरो नपर्ने गरी अत्यधिक लाभ हुने गरी कार्य गर्नुपर्ने देखिएको छ ।

• नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३।११।१ मा स्वीकृत स्यालो ट्युवेल सिचाइ योजना कार्यान्वयन निर्देशिका तेश्रो संसोधनको भाग ३ वुँदा ९ मा प्रत्येक ट्युवेल योजनाभित्रका पुराना तथा नयाँ डिप ट्युवेल सम्बन्धी डाटा (स्वामित्व, निर्माण मिति,लगानी गर्ने वित्तीय संस्था,संचित क्षेत्र , स्थान समेत खुलाउने जि.पि. एस तथा हाइड्रोलोजिकल डाटा संकलन गरी कार्यालयले अध्यावधिक गर्ने व्यवस्था छ । कार्यालयले भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कुनै कार्यविधि तयार गरेको देखिएन । लाभग्राही छनौट गरी कार्य गर्दा व्यवस्थित , न्यायोचीत तथा अन्तरतह कार्यान्वयनमा दोहोरो नपर्ने

गरी, भूमिगत जलश्रोत सम्बन्धी कार्यविधिको तयारी तथा जि.पि.एस सहितको अभिलेखाँकन समेत गरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८.२ **स्यालो ट्युवेल जडान नभएको :-** सामाग्रीहरु जडानको आधारमा प्रतिलाभग्राही रु. ७०००।- उपलब्ध गराउने कार्यविधिमा उल्लेख भएकोमा मिति २०८०।५।२९ को कृषि शाखाको प्रतिवेदन अनुसार १०२ जना लाभग्राहीलाई जडान सम्पन्न प्रतिवेदन अनुसार रु.७१४०००।- भुक्तानी गरेको देखिएकोमा लेखापरीक्षण अवधिसम्म १४८ लाभग्राहिले जडानको विलभरपाई पेश गरेको नदेखिएकोले बेरुजु औल्याइएकोमा आर्थिक वर्ष २०८०।८१ मा भौन न ४१।०८०।८।१७ मा ३२ जनालाई जडान वापतको रु. २२४०००।- भुक्तानी दिएको प्रमाण पेश भएको छ । तसर्थ बाँकी ११६ जनाको प्रतिसेट रु. ९२०७ को दरले रु. १०६८०१२।- को स्यालो ट्युवेल जडान पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६८,०१२ |

४८.३ मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मुल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी रितु टेडर्स सुखीपुरलाई (पान नं.३०३९१७४४३) मुल्य अभिवृद्धि कर रकम समेत रु.२६००९७७।- भुक्तानी दिएकोमा लेखा परीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाईटमा सर्च गर्दा कर विवरण नबुझाई मिति २०७९।m।८ देखी non filer रहेको देखियो । तसर्थ कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएको देखिएकोले मु.अ.कर रु.२९९२२७।- समायोजनको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,२२७ |

४९ **खरिद प्याकेज तयार नगरी सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु१० करोड भन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने , सम्भावित प्याकेज तयार गर्नुपर्ने , नियम ३१(१) मा रु२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष पूँजीगत शीर्षकबाट विभिन्न मेसिनरी औजार, फर्निचर, उपकरणहरुलगायतको खरिद कार्य गरेकोमा खरिद योजना तयार नगरेको तथा सम्भावित प्याकेज समेत तयार नगरी पटकपटक सोझै खरिद देखियो । वार्षिक रुपमा खरिद हुने सामाग्रीहरुको खरिद योजना नवनाई एकै प्रकृतिको सामाग्रीहरुको प्याकेज तयार नगरी तथा पटकपटक तीनवटा दरभाउपत्र

संलग्न गरी लागत अनुमानकै दरमा खरिद गरेको नियमसम्मत देखिएन। नमुना परीक्षणबाट देखिएको सोझै खरिद सम्वन्धी व्यहोराहरुदेहाय अनुसार रहेका छन्;-

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **नन फाइलर-**मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मुल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । नपाको प्राविधिक शाखाको लागी मेसिनरी औजार खरिदको लागी आर के शाह मेसीनरी प्राली कोटेश्वर काठमाडौ पान नं. ६०६५१४३०५ विल न RSI/00021/7980 मुअ कर रकम रु. १५२२७५।- भुक्तानी भएकोमा सम्बन्धित व्यवसायी मिति ०७९।M।१० देखी नन फाइलर रहेकोले मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५२,२७५ |

५१ **सम्भावित प्याकेज तयार नगरी कोटेशनबाट खरिद** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु१० करोड भन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने , सम्भावित प्याकेज तयार गर्नुपर्ने , नियम ३१(१) मा रु२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा सो नगरी तथा विनियोजित बजेट र प्रकृति अनुसार सम्भाब्य प्याकेज समेत तयार नगरी लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा टुक्रामा प्याकेज बनाई कोटेशनबाट कार्य गराई खर्च गरेको नियमसम्मत देखिएन । योजनाहरुबाट खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ तथा नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) बमोजिम हुने भनी निम्नानुसार कोटेशनबाट खरिद गरेको छ ।कोटेशन पश्चात सम्पन्न भएका केही योजनाहरूको पर्याप्त पुष्ट्याइ गर्ने तस्विर, आधार प्रमाणहरुतथा स्थानीय सरकार संचालन ऐन अनुसारको अनुगमन प्रतिवेदन संलग्न नभएको र केवल वडा अध्यक्षको सिफारिसमा भुक्तानी भएको देखिएको छ ।

यसरी एउटै वडामा प्याकेज तयार गरी गर्न सकिने ढलान, माटो पुर्ने कार्य, सडक मर्मत तथा खरिद लगायतको कार्यहरुको परिमाणहरुको एकमुष्ट लागत अनुमान तयार नगरी विनियोजित बजेटको आधारमा खरिद गरेको भनि ३ बटा निर्माण व्यवसायीको कोटेशन दरभाउपत्र संलग्न गरी विभिन्न २५ पटकको खरिदमा २ करोड १३ लाख ७ हजारको लागत अनुमानमा रु२ करोड ११ लाख ३५ हजार मा सम्झौता गराई निर्माण कार्यको नापीकिताब तथा खरिद परिमाण अनुसार रु२ करोड ४ लाख ५२ हजार भुक्तानी गरेको छ ।

यसरी खरिद गुरुयोजना नवनाएको, सम्भाबित प्याकेज तयार नगरेको, टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका अन्य कार्यमा उपभोक्ता समिति प्रयोग गरेकोमा यी योजनाहरुमा निर्माण व्यवसायी प्रयोग भएकोले श्रमदान कार्य नभएको, ओभरहेड तथा मूल्य अभिवृद्धि करको ब्ययभार परेको) मितव्ययी नदेखाएको र प्रतिस्पर्धा सीमित हुने पद्दतिले खरिद कार्य गरेको नियमसम्मत देखिंदैन । सम्भावित प्याकेज तयार गरी खरिद व्यवस्थापनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५२ सिचाइको लागि मोटर वितरण

५२.१ यस शीर्षकबाट पालिकाले यस वर्ष सिचाइको लागि मोटर खरिद शीर्षकमा रु६२ लाख विनियोजन गरी रु४७ लाख ४६ हजार खर्च लेखेको छ । यस अन्तर्गत देखिएका व्यहोराहरुदेहाय अनुसार रहेका छन्:-

• **लागत अनुमान:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै सार्वजनिक निकाय अथवा उक्त निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ,उधोग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । पालिकाले सिचाइको लागि मोटर खरिद गर्दा २ HP water motor pump copper coil metal body heavy duty with 3" water way (shikar, Crompton, Kirloskar or equivalent ) लागत अनुमानको विल अफ क्वान्टीटिजमा उल्लेख गरेको छ । यसको लागि लागत अनुमान तयार गर्दा प्रति मोटर सेट रु१७८७१ को दरले लागत अनुमान तयार गरेको देखियो ।

यसरी लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए अनुसारको आधार नलिई केवल जिल्ला दररेटलाई मात्र लिएको तथा स्पेसिफिकेश समेत तयार नगरेको देखियो । यसरी स्पेशीफिकेशन तथा लागत अनुमानको आधार तय नगरी गरेको खरिद कार्य मितव्ययी तथा प्रतिस्पर्धी छ भनि यकीन गर्ने आधार देखिंदैन। यसरी आधारवेगर लागत अनुमान संलग्न गरी गरेको खरिद कार्य नियमसम्मत देखिंदैन। सार्वजनिक खरिद कानुनको परिपालना गरी स्पष्ट आधारप्रमाण संलग्न गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

• **Post Delivery Inspection Report:-** कार्यालयले खरिद सम्झौता पश्चात आपुर्ति भएका सामाग्रीहरुको स्पेसिफिकेशन अनुसार Post Delivery Inspection तयार गरेको देखिएन। । लागत अनुमान तयारीका वखत स्पेसिफिकेशन प्रतिवेदन राखिएता पनि सामाग्री आपुर्ति पश्चात चेकजाँच तथा

गुणस्तर परीक्षण गरेको देखिएन । निर्धारित सामाग्रीहरुतोकिएवमोजिम आपुर्ति भए नभएको सम्बन्धमा यकीन हुनुपर्दछ ।

• **लाभग्राही छनौटको आधार:-** पालिकाले यस कार्य अन्तर्गत वितरणको लागि वडा नं.२,कृषि श्रेत्रमा अनुदान परिचालन कार्यविधि २०८० वुदा नं.४ उपवुदा ५ अनुसार समुह तथा व्यक्तिको न्युनतम ४ विगा जमिन हुनुपर्ने तथा ७५ प्रतिशत लागत पालिका तथा २५ प्रतिशत सम्बन्धित लाभग्राहीले व्यहोर्ने लगायतको प्रावधान राखेको छ । यस्तो प्रकारको कार्यहरुसंघ तथा प्रदेशका निकायहरुले समेत गर्ने भएकोले अन्तरनिकाय समन्वय तथा लाभग्राही छनौटको सुचना आदानप्रदान गरेर मात्र दोहोरो नपर्ने गरी अत्यधिक लाभ हुने गरी कार्य गर्नुपर्ने देखिएको छ ।

• **उपलव्धीको मुल्याँकन**:- कार्यालयले वितरणमुखी कार्य गरेपश्चात अनुदानको उपलब्धी समेतको मुल्याँकन गर्नुपर्नेमा गरेको देखिएन। अनुदान सदुपयोग तथा सार्वजनिक श्रोतको उपयोगिता सम्वन्धमा मुल्याकन हुनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२.२ कार्यालयले मोटर खरिदको लागि जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरेकोमा सामाग्री खरिदको लागि लागत अनुमान तयार गर्दा ओभरहेड समेत समावेश गरेको देखियो । यसरी लागत अनुमान प्रतिसेट रु.१५५४०।- को दरले लागत अनुमान तयार गर्नुपर्नेमा प्रतिसेट रु.२३२१ ओभरहेड को दर थप गरी रु.१७८७१।- ले ३०० सेटको लागत अनुमान तयार गर्दा म'ल्य अभिवृद्धि कर समेत रु.९०८७४०।- ओभरहेड वापत समाबेश भएकोले लागत अनुमान तयारीको बखत व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ९,०८,७४० |

५३ **अमानतबाट कार्य गरेको** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा अमानत बाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ जसअन्तर्गत उपनियम १ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्दा एक तह माथिको स्वीकृती लिनुपर्ने तथा उपनियम २ मा सार्वजनिक निकायले अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने उल्लेख छ । पालिकामा अमानतबाट कार्य गर्नुपरेको खण्डमा नियमावलीमा व्यवस्था भए बमोजिम निर्माणसम्बन्धी आवश्यक सामग्री सार्वजनिक खरिद नियम कानुन अनुसार उपलब्ध गराई ज्याला मार्फत काम गराउनुपर्ने, औजार उपकरणहरु कार्यालयमै भएकोले उपयोग गर्नुपर्नेमा वडा सचिव, कार्यालय सहयोगी लगायतबाट सामान खरिद तथा औजार उपकरण लगायतको भाडामा लिई कार्य गराएको देखियो । सार्वजनिक खरिद नियमावली अनुसार अमानतबाट कार्य गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । नमुना परीक्षणबाट देखिएका केहि उदाहरणहरुदेहाय अनुसार रहेका छन :-

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४ **बिल भरपाई तथा खर्चको पुष्ट्याई**

५४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अवस्था छ । पालिका पुँजीगत शीर्षकबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याई संलग्न नगरी खर्च लेखेको स्पष्ट हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,०७,४४५ |

**(विस्तृत विवरण बेरूजु दफा ५४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४.२ निम्नानुसारको खरिद कार्यमा निर्माण व्यवासायीहरुले श्रेस्तासाथ ल्याव टेष्टको विल संलग्न नगरी भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,५१५ |

**(विस्तृत विवरण बेरूजु दफा ५४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **सामाजिक सुरक्षा तर्फ**

५५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम यो वर्ष जेष्ठ नागरिक १६४३, जेष्ठ नागरिक दलित २३२ , जेष्ठ नागरिक एकल महिला १८८, बिधवा ३५६ , पूर्ण अपाङ्ग ३६, अति अशक्त अपाङ्ग १७४ क्षेत्र तोकिएका बालबलिका २५३१ र दलित बालबालिका १६५ समेत जम्मा ५३२५ जनाको लागि कार्यालयले पेश गरेको विवरण अनुसार आ. व. २०७९।८० मा सामाजिक सुरक्षा बापत रु.१३२२६२८३२।- निकासा गरेकोमा रु.१३१२०२४७५।- वितरण भई बाँकी रु.१२९८२३७.५५ संघीय सञ्चितकोषमा फिर्ता गरेको छ । यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्-

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत

पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची- ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ । तर बैङ्कले उल्लिखित निष्कृय खाता र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन । तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकीन गर्न सकिएन । कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरु बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकीन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५५.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

५५.४ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६(२७) अनुसार गाउँकार्यपालिका अध्यक्ष वा नगर कार्यपालिका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था छ । उक्त कार्यविधि अनुरुप नगरपालिकामा वितरण भएको भत्ता सम्बन्धमा नगरपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट अनुगमन तथा निरीक्षण भएको पाइएन । तसर्थ भत्ता भुक्तानी सम्बन्धमा पर्याप्त अनुगमन तथा निरीक्षण गरेको देखिएन । तसर्थ कार्यविधि अनुरुप अनुगमन तथा निरीक्षण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५६ राजश्व व्यवस्थापन तर्फ

५६.१ **राजस्व अभिलेखाँङ्कन तथा आम्दानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५८ (३) मा राजस्व लेखा र लेखा सम्बन्धमा व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त नगद दैनिक रुपमा वा भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष रु. ५३,०९,८८३.४३।- बैक स्टेटमेन्ट अनुसार आम्दानी प्राप्त गरेकोमा सो आम्दानीलाई पुष्ट्याई गर्ने रसिद नियन्त्रण खाता, महालेखा परीक्षकको कार्यालयबाट तोकिए बमोजिमको ढाँचा अनुसारको राजस्व

संकलनको विवरण, राजस्व संकलनको दैनिक रिपोर्ट लगायतका विवरणहरु पेश हुन आएन । आय ठेक्का तथा अन्य आम्दानीको स्रोतहरु सम्बन्धमा विवरणहरु पेश नगरेको तथा लगत समेत तयार नगरेकोले सो सम्बन्धमा स्पष्ट हुने आधार देखिएन । पालिकाले राजस्वको आम्दानी सम्बन्धी विवरण बैक स्टैटमेन्टको आधारमा तयार गरेको जनाएको छ । जसबाट कति राजस्व नगदी रसिद प्रयोग भयो , कति आय प्राप्त गरेको हो , राजस्वका श्रोतहरु के के छन, सम्बन्धित वडामा कति नगदी रसिद हस्तान्तरण भए तथा कति फिर्ता भए सो सम्बन्धमा स्पष्ट विवरणहरु प्राप्त हुन आएन ।

पालिकाले राजस्व आम्दानी असुली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन । पालिका तथा मातहतका सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । कार्यालयले आगामी दिनमा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५६.२ **अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५६.३ **रसिद नियन्त्रण खाताः** पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले अभिलेख पूर्ण देखिएन । रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६.४ **राजश्व असुलीः** नेपालको संविधान २०७२ को अनुसूची- ८ बमोजिम स्थानीय तहको अधिकार क्षेत्रका विषयहरुको व्यवस्था गरिएको छ । यस पालिकाले आन्तरिक आयको संकलन गर्न विभिन्न क्षेत्रगत शीर्षकमा प्रक्षेपण गरेतापनि पालिका र पालिका अन्तर्गतका वडाहरुले प्रस्तावित आय संकलन गर्न सकेका छैनन् । वडाहरुले उठाउने सिफारिस दस्तुर, मालपोत कर लगायतका अन्य स्रोतहरु पूर्ण रुपले उठाउने गरेको नपाइएकोले राजश्व असुलीलाई भरपर्दो एवं यथार्थपरक बनाउन राजश्व सुधार कार्ययोजना बनाई राजश्व संकलन, उपयोग र परिचालनमा जोड दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५६.५ **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका तथा अन्तर्गतका वडाहरुमध्ये कतिपयले मासिक रुपमा र कतिपयले २, ३ महिना तथा लामो समय पछि दाखिला गर्ने गरेका पाइयो । यसरी समयमा राजश्व रकम दाखिला नगर्दा राजश्व रकमको दुरूपयोग भई आन्तरिक आय घट्ने हुदाँ समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५६.६ **ट्याक्टर तथा जेसिबिको आम्दानीः** पालिकाको स्वामित्वमा रहेको ट्याक्टर र डोजरहरुको लग बुक राख्ने नगरकोले के कति समय पालिकाको कार्यमा प्रयोग गरियो तथा कति समय अन्य व्यक्ति एवं फर्ममा प्रयोग भएको भन्ने यकिन गर्न सकिएन । खरिदको उद्देश्य परिपूर्ति तथा राजश्व संकलनलाई भरपर्दो एवं व्यवस्थित बनाउन ट्याक्टर एवं डोजर संचालन अद्यावधिक लगबुकको व्यवस्था अनिवार्य बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५७ **वडा राजश्व कम दाखिला गरेको** -पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९ मा नागरिकता प्रमाणित, जन्म दर्ता सिफारिस, नाता प्रमाणित लगायत जस्ता सिफारिसको दस्तुर लिनुपर्ने व्यवस्था रहेको छ । लेखा परीक्षणको क्रममा नमुना छनोट गरी वडा नं. १ र ३ को वडा राजश्व परीक्षण गर्दा वडा नं ३ का वडा सचिव श्याम सुन्दर यादवले पालिकाबाट ८ वटा मालपोत ठेलिहरु लगेकोमा नगदी रसिद नियन्त्रण खातामा ६ वटा मात्रै बुझेर लगेको भरपाई भेटियो । ६०१-६५० र ६५१-७०० दुई ठेली रसिद नियन्त्रणखातामा बुझेर लगेको भरपाई भेटिएन । वडा नं ३ को चलानी किताब परीक्षण गर्दा जेष्ठ र असारमा विभिन्न सिफारिसहरु गरे पनि रसिद काटेको भेटिएन । नगदी रसिदका ठेलीहरु परीक्षण गर्दा रु.८७७५।- कम दाखिला गरेको देखियो । तसर्थ घटी राजश्व सम्बन्धित वडा सचिवबाट असुल उपर गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ८,७७५ |

५८ **पोखरी ठेक्का-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार ठेक्का लगाएका १५ पोखरी मध्ये यसवर्ष सम्म देहाय बमोजिमका १४ पोखरीको ठेक्का बाट रु.१९,१४,७००।- उठ्न बाँकी रहेको देखिन्छ । प्राप्त गर्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी सोही अनुसार आयको लेखाङ्कन गरी सम्झौता अनुसारको रकम तथा ब्याज समेत एकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| क्र सं | पोखरी र बजार को नाम | ठेकदारको नाम | चलनपूर्जी दिएको मिति | सम्झौता अवधि | जम्मा सम्झौता रकम | २०७९।८० सम्म बुझाउनुपर्ने जम्मा रकम | २०७९।८० सम्म बुझाएको रकम | बुझाउन बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | पश्चिमबारी पोखरी | नमन कन्सट्रक्सन वडा नं ६ महोत्तरी | २०७७/०७/१२ | ५वर्ष | ३७,८६,००० | १८,९३,००० | ७,०१,००० | ११,९२,००० |
| २ | माईस्थान पोखरी वडा नं ७ | सरोज कुमार यादव औरही वडा नं ७ | २०७९।०५।०५ | ५वर्ष | ५,३१,००० | १,०६,२०० | ० | १,०६,२०० |
| ३ | बाबाकुट्टी पोखरी ७ | सरोज कुमार यादव औरही वडा नं ७ | २०७९।०५।०५ | ५वर्ष | १५,०५,००० | ३,०१,००० | १,५०,००० | १,५१,००० |
| ४ | वडा नं. १ को पुर्वारी पोखरी | कृषि निर्माण सेवा प्रो. सोभिन्द्र चौधरी औरही वडा नं १ | २०७७/०७/०३ | ५वर्ष | १६,५५,००० | ८,२७,५०० | ३,६२,००० | ४,६५,५०० |
| जम्मा | | | | | | | | १९,१४,७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१४,७०० |

५९ **घ वर्गका निर्माण व्यवसायीहरुको दर्ता र नविकरण-** नगरपालिकाको आर्थिक ऐन,२०७८ मा घ वर्गका निर्माण व्यवसायीहरुको नविकरण शुल्क तोकेको छ । तोकेको नविकरण शुल्क भन्दा कम असुल गरी नगरपालिकाले घ वर्गका निर्माण व्यवसायीहरु नविकरण गरेको छ । आर्थिक ऐनले तोकेको भन्दा कम असुल गरेको रकम रु.२२०००।- सम्बन्धित व्यवसायीहरुबाट असुल गर्नुपर्ने रु..

| क्र सं | **कर्मचारीको/फर्म/संगठन नाम** | नविकरण गरेको मिति | तिर्नुपर्ने रकम | तिरेको रकम | घटी रकम |
|---|---|---|---|---|---|
| १ | निखिल कन्सट्रक्सन वडा नं ३ | २०७९।१०।०६ | ६००० | ३००० | ३००० |
| २ | रुवी कन्सट्रक्सन निर्माण सेवा वडा नं ४ | २०७९।०७।१५ | ६००० | ३००० | ३००० |
| ३ | कृषि निर्माण सेवा वडा नं १ | २०७९।०४।१८ | ३००० | २००० | १००० |
| | **कर्मचारीको/फर्म/संगठन नाम** | दर्ता गरेको मिति | | | |
| १ | जानकी निर्माण सेवा वडा नं १ | २०७९।०९।१४ | १०००० | ५००० | ५००० |
| २ | यान्सी कन्सट्रक्सन प्रा लि वडा नं ७ | २०७९।१०।२२ | १०००० | ५००० | ५००० |
| ३ | आदित्य क्सट्रक्सन वडा नं ५ | २०७९।१२।३० | १०००० | ५००० | ५००० |
| जम्मा | | | | | २२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,००० |

# अनुसूचीहरू

## अनुसूची - १

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : औरही नगरपालिका, महोत्तरी , औरही नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धिरेन्द्र लाल कर्ण | २०७८-१२-३ | २०७९-५-१९ |
| कार्यालय प्रमुख | सुर्य प्रसाद दाहाल | २०७९-५-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनोज कुमार महरा | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १२,६४७,१५१ | २,६२०,१५० | १८,६१९,६२६ | ० | ० | १,३३५,७७५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | ३५,२२२,७०२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फर्छ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | ३५,२२२,७०२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८२२४८५४५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५०४८२१४२ | **चालु खर्च** | २१६९१०१७० |
| **प्रदेश सरकारबाट अनुदान** | ३१६८६९२२ | **पूँजीगत खर्च** | १४७०३६२७० |
| **राजश्व बाँडफाँट** | ७६२४१००० | **वित्तीय/अन्य व्यवस्था** | १६०९७५०१५ |
| **आन्तरिक आय** | ५३०९८८३.० | | |
| **अन्य आय** | १६३३६८६५६ | | |
| **कुल आय** | ५२७०८८६०३ | **कुल खर्च** | ५२४९२१४५५ |
| **बाँकी मौज्दात** | | ८४४१५६९३ | |

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव-औरही नगरपालिका महोत्तरी | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५२,२७,४९,७९८.४४ | ३६,७९,२५,७७१.७६ | ३६,७९,२५,७७१.७६ | ३८,०१,७३,५४६.१२ | ३८,०१,७३,५४६.१२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,१४,९१,९४४.१९ | ३६,३७,१९,९४७.७६ | ३६,३७,१९,९४७.७६ | ३७,९०,७१,९१०.१२ | ३७,९०,७१,९१०.१२ |
| ११००० कर | ११ | १०,३६,२४,०००.०० | ८,०५,८४,२४६.२३ | ८,०५,८४,२४६.२३ | ८,१४,५२,६६४.१० | ८,१४,५२,६६४.१० |
| १३००० अनुदान | | ३३,९२,८३,०००.०० | २८,२१,६९,०६४.०० | २८,२१,६९,०६४.०० | २९,४६,७६,६४१.०५ | २९,४६,७६,६४१.०५ |
| संघीय सरकार | १२ | ३०,१०,९४,०००.०० | २५,०४,८२,१४२.०० | २५,०४,८२,१४२.०० | २५,०३,७१,६४१.०५ | २५,०३,७१,६४१.०५ |
| प्रदेश सरकार | १२ | ३,८१,८९,०००.०० | ३,१६,८६,९२२.०० | ३,१६,८६,९२२.०० | ३,९९,०५,०००.०० | ३,९९,०५,०००.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ४४,००,०००.०० | ४४,००,०००.०० |
| १४००० अन्य राजस्व | | २४,००,०००.०० | ९,६६,६३७.५३ | ९,६६,६३७.५३ | १४,९९,३६४.९७ | १४,९९,३६४.९७ |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | ० | ० | १४,४३,२४०.०० | १४,४३,२४०.०० |
| ३२००० वितीय सम्पत्ति | | ७,५६,८४,९४४.१९ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १२,५७,८५४.२५ | ४२,०५,८२४.०० | ४२,०५,८२४.०० | ११,०१,६३६.०० | ११,०१,६३६.०० |
| कोषहरु | | १२,५७,८५४.२५ | ० | ० | ० | ० |
| धरौटी | | ० | ४२,०५,८२४.०० | ४२,०५,८२४.०० | ११,०१,६३६.०० | ११,०१,६३६.०० |
| भुक्तानी (ग+घ) | | ५२,२७,४९,७९८.४४ | ३६,५७,५८,६२३.१२ | ३६,५७,५८,६२३.१२ | ४३,७८,९९,९६०.०५ | ४३,७८,९९,९६०.०५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२,१४,९१,९४४.१९ | ३६,३९,४६,४४०.१२ | ३६,३९,४६,४४०.१२ | ४३,७६,६६,३२०.०५ | ४३,७६,६६,३२०.०५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,६४,२८,०००.०० | ८,६०,२९,७८५.१२ | ८,६०,२९,७८५.१२ | ९,९२,४६,५८५.०५ | ९,९२,४६,५८५.०५ |
| २२००० मालसामान | १८ | ९,००,३४,५००.०० | ५,६०,००,७६६.५० | ५,६०,००,७६६.५० | ५,८०,१३,३५५.०० | ५,८०,१३,३५५.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथा सेवाको उपयोग | | | | | | |
| २५००० सहायता (Subsidy) | १८ | १३,००,०००.०० | ८,५९,९५०.०० | ८,५९,९५०.०० | २७,३८,८६०.०० | २७,३८,८६०.०० |
| २६००० अनुदान | १८ | ६,२३,११,०००.०० | ४,९६,४१,६३१.५० | ४,९६,४१,६३१.५० | ६४,८९,१९५.०० | ६४,८९,१९५.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४६,४०,०००.०० | ४०,४९,५७८.०० | ४०,४९,५७८.०० | ५२,२९,२२५.०० | ५२,२९,२२५.०० |
| २८००० अन्य खर्च | १८ | २,०७,६०,३५९.०० | २,०३,२८,४५९.०० | २,०३,२८,४५९.०० | ६,४४,९४,६९०.०० | ६,४४,९४,६९०.०० |
